साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३६ २०८२ चैत २४ गते मंगलबार (Apr. 7, 2026) मूल्य रू. १०/-

## लाइसेन्स, पासपोर्ट र नागरिकता

दैनिक ५० हजार लाइसेन्स छापिदैछन् । पासपोर्ट घरघरमै पुऱ्याउने हुलाक सेवालाई प्रभावकारी बनाइदैछ । नागरिकता लिन जुन हैरानी थियो, समाप्त हुनेभएको छ । श्रम स्वीकृति त एकै दिनमा दिने कार्य सुरू भइसक्यो । हरेक क्षेत्रका दलालहरूलाई धमाधम पक्राउ गर्ने कार्य भइरहेको छ । मालपोत र भूमिसुधारमा जुनप्रकारको दलाली चल्ने गरेको छ, त्यसको अन्त्य गर्ने कार्य सुरू भएको छ ।

शासकीय सुधार सुरू हुनु र जता पनि दलाल र कर्मचारीलाई घूस नखुवाएसम्म कामै नहुने स्थितिमा सुधार आउन थालेको छ । पहिलो पहिलेका सरकारहरूले पनि भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता भन्थे, व्यवहारमा भ्रष्टाचार व्याप्त थियो । बालेन सरकार आएपछि बास्तवमै भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता देखिन थालेको छ । गर्छु भन्नेका लागि असम्भव केही छैन । बालेन सरकारले पासपोर्ट र नागरिकता घरमै पुऱ्याइदिने व्यवस्था मिलाउँदैछ । सम्पत्ति छानबिन, दलालमाथि अंकूश, ट्रेड युनियन र विद्यार्थी संगठनमा प्रतिवन्ध, बालिका र महिला सुरक्षा, भ्रष्टाचारमाथि छानबिन सुशासनका लागि बालेन सरकारले थुप्रै काम थालेको छ ।

## महान्यायाधिवक्तामा डा. कडेल, प्रधानन्यायाधीश नियुक्ति पेचिलो

चैत २२ गते । बालेन सरकारले महान्यायाधिवक्तामा डा. नारायणदत्त कँडेललाई चयन गरेको छ, २२ गते नै डा.कणेलले शपथ लिएर बहाली गरेका छन् । अब प्रधानन्यायाधीशमा सिफारिस भएका ६ जनामध्ये बालेन सरकारको चयन र संवैधानिक परिषदले कसलाई नियुक्त गर्ला ? सर्वत्र चासोको विषय बनेको छ ।



प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले अवकाश लिनुपूर्व न्यायपरिषद्को निर्णयअनुसार भावी प्रधानन्यायाधीशमा नियुक्तिका लागि सर्वोच्च अदालतका ६ जना न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल, डा. मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम संवैधानिक परिषद्मा सिफारिस गरेको छ । यी ६ मध्ये १ जना प्रधानन्यायाधीश बन्नेछन् ।

०६४ सालमा एमालेको तर्फबाट सांसद बनिसकेको कारण ज्येष्ठतम न्यायाधीश सपना प्रधानमल्लमाथि केहीले प्रश्न उठाएका छन् । जेनजी सरकारले तिलप्रसाद श्रेष्ठको नाम सिफारिस गर्ने सम्भावना बारे धेरैले लख काटेका छन् । संवैधानिक परिषदबाट नामको छिनोफानो भएपछि संसदीय समितिमार्फत राष्ट्रपतिको नाम पुगेपछि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

## उत्कृष्ठ विद्यार्थीलाई भैंसी उपहार



कक्षा ११ मा उत्कृष्ठ भएका विद्यार्थी शिवकुमार यादवलाई परिवार पनि पालियुन, पढ्न आर्थिक जोहो पनि होस् भनेर रूपन्देहीको सुण्डी माविले भैंसी पुरस्कार दिएको छ । कृषि प्रधान पालिका भएकाले भैंसी पुरस्कार पाउन विद्यार्थीहरूमा प्रतिस्पर्धा नै हुने गरेको छ । भैंसी पुरस्कार पाउनका लागि विद्यार्थीवीच पुस्तक समीक्षा प्रतियोगितामा उत्कृष्ट हुनुपर्नेछ ।

## बालेन्द्र सरकार यता पनि हेर

बालेन सरकारले करेक्शन गर्नुपर्ने अति महत्वको विषय हो यो । राज्यढुकुटी, विदेशी सहयोग, लगानी र ऋणमा कमिशनखोरहरूले तर मारिरहेका छन् । त्यसपछि मन्त्रालय, सचिवलाय, सांसद, स्थानीय कार्यकर्ताले डकारेपछि जे बचत हुन्छ, त्योमात्र जनताको हातमुखमा पर्ने गरेको छ । यो भ्रष्टाचारको जालो काट्नु जेनजी सरकारको पहिलो काम हुनुपर्छ । तवमात्र जनतासँग गरेको करार र बाचा पूरा गर्न बालेन सरकारलाई सहज हुनेछ । अन्यथा जनताले पछुताउँदै खप्परमा हात राखेर सुसाउने र जुन जोगी आए पनि कानै चिरिएको भनेर थकथकाउनु पर्नेछ ।




## राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिमा भ्रष्टाचार व्याप्त



आर्थिक वर्ष २०६६/६७ मा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरेर कार्यन्वयनको सुरूवात भएको थियो । लक्ष्य थियो- ७ प्रदेशका ३७ जिल्ला र ३२५ स्थानीय तहमा चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दीगो व्यवस्थापन र सेवाको प्रवर्द्धन गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने । सलकपुर, जनकपुर, चितवन, बुटवल र लम्कीमा इकाईसमेत गठन गरेर वर्षेनी अरवौं बजेट खर्च भइरहेको छ, चुरे दोहन रोकिएको छैन । भ्रष्टाचार व्याप्त छ ।

यो कार्यक्रम राजनीतिक कार्यकर्ता पाल्ने र अनियमितता गर्ने थलो बनेको छ । अर्थ मन्त्रालयले कतिपय योजना खारेजी गर्दैछ, यसतिर पनि हेर्ने कि ?

# संविधान संशोधनको बहसपत्र

प्रधानमन्त्री बालेन साहले चैत १६ गते आफ्ना राजनीतिक सल्लाहकार असिम साहको नेतृत्वमा 'संविधान संशोधन बहसपत्र' तयार पार्न गठित कार्यदल सकृय भएको छ । सरकारको सय बुँदे कार्यसूचीको चौथो प्राथमिकतामा कार्यदलको विषय रहेको छ । दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार र निर्वाचन प्रणालीलगायतका विषयमा राष्ट्रिय सहमति निर्माण गर्न र संविधान संशोधनको बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने उद्देश्य रहेको छ ।




यो कार्यदलमा संसदमा रहेका दलका एकएकजना प्रतिनिधि, प्रधानमन्त्री कार्यालयका कानुन तथा मानवधिकार हेर्ने सचिव, कानुन आयोगका सचिव र फैसला कार्यान्वयन हेर्ने सहसचिव रहेका छन् । प्रधानमन्तीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सहभागितामूलक रूपमा काम अघि बढेको छ । यही हप्ता बैठक बसेर रायसुझाव संकलन कार्य सुरू हुनेछ । यसको लगत्तै पूर्वराष्ट्रपति, संविधानविद्, कानून व्यवसायी, पूर्वप्रधानन्यायाधीश, पूर्व केही सांसद, सञ्चार माध्यम, धार्मिक संस्था, निजी क्षेत्र, जेनजी पुस्ताका अगुवा र पालिकासम्म चरणवद्ध बहस, सुझाव संकलन गरेर बहसपत्र तैयार हुनेछ ।

८ वर्ष लगाएर बनाएको संविधान असफल भइसकेको छ । यही संविधानका कमजोरी हटाएर प्रभावकारी हुने र जनताले अपनत्व लिनसक्ने संविधानका लागि कार्यदलले स्पष्ट खाका अघि सार्नेछ । राजनीतिक समस्या अनेक छन्, अस्पष्टता पनि छन् । राजनीतिक समस्या समाधान नभएसम्म स्थिरता नआउने, अराजकता नहट्ने भएकाले संविधान सुधार गर्न लागिएको हो । लोकतान्त्रिक गणतन्त्रका १७ वर्ष खेर गइसकेको छ । यो अवधिमा धेरै युवाहरूले ज्यान गुमाइसकेका छन् । जनताको असन्तुष्टि बढेर जेनजी आन्दोलन, विद्रोहसम्म पुग्यो । अहिले आँधी रोकिएको छ, निर्माणको अध्याय सुरू भएको छ । सिद्धान्तमा आधारित र जनताप्रति जवाफदेही राजनीतिका लागि- संविधानमा सुधारको आवश्यकता यही अध्यायको खुट्किलो मानिएको छ ।

संसदको पहिलो बैठकमै माओवादी र एमालेको निरंकूशता र सर्वहारावादी मानसिकता देखिनुले अझै तिनको बुद्धि बंगारो नपलाएको अनुभूति तिनको अभिव्यक्तिले दिलाएको छ । तिनले कर्मचारीतन्त्र, सेना, विदेशी दोषी भनेर गिजोल्न छाडेनन् । सत्तारूढ रास्वपाले उच्चकोटीको सभ्य र प्रजातान्त्रिक चरित्र देखाएको छ भने प्रतिपक्षी नेपाली कांग्रेसले प्रजातान्त्रिक कोणबाटै अघि बढ्ने जनाउ दिएको छ । यस घटनापछि भन्न सकिन्छ, संविधान संशोधनमा राम्रै सुझाव प्राप्त हुनेछ । स्मरणीय के छ भने संविधान निर्माण गर्दा देशैभरिबाट संकलन गरिएको जनताको सुझावअनुसार हिन्दुराष्ट्र र राजतन्त्रको आवश्यकताको विषयलाई नजरअन्दाज नगरियोस् । यही कारणले २०७२ को संविधानलाई भारतले कहिले मान्यता दिएन, नाकावन्दीसमेत लगायो । नेपालका लागि उत्तर दक्षिणका छिमेकप्रति समदूरी, विश्वासिलो वातावरण जरूरी छ भने पश्चिमाको सकारात्मकता पनि जरूरी छ । देशैभरि पूर्वराजाको अभिनन्दन गरिएका घटनाक्रमलाई पनि नजरअन्दाज गर्नु भूल हुनेछ । संवाद, सहमति र सहकार्य देशको स्थिरता, अस्तित्वरक्षा र समृद्धिको सूत्र हो ।

यसपल्ट रास्वपाको थाप्लोमो मतादेशको भारी थुपारियो, ठूला दल र नेताहरू जनताको मौन बिद्रोहात्मक मतदानबाट बढारिए । कसैले कल्पना नगरेको जिम्मेवारी रास्वपाले पायो, बालेन साहले सत्ता हाँकेका छन् । अहिलेसम्म बालेन साह बोल्ने भन्दा देशको आवाज, अपेक्षा सुन्ने पक्षमा छन्, सुनिरहेका छन् । सभापति रवि लामिछाने राजनीतिक सन्तुलन मिलाउने, बालेन साहले सत्तामा बसेर जनअपेक्षाको संवोधन गर्ने । यो तालमेल अलौकिक छ, बालेन साह स्वार्थबाट परै रहेकाले उनको आँट, अक्किल र विवेकको नतिजाबाट शासन प्रशासनमा सुशासन स्थापित हुने विश्वास दिनदिनै बढेर गएको छ । सत्तामा पुगेको १२ दिनमै धेरै आशलाग्दा परिणामहरू देखिन थालेका छन् ।

रास्वपा र बालेन सरकारले जनतासँग गरेको करार र बाचापत्रअनुसार नै काम गर्ने विषय यतिबेला नेपाल र नेपाल बाहिर पनि विशेष चर्चा भइरहेको देखिन्छ, सुनिन्छ । हिमाल, पहाड र तराईको एकता र समानुपातिक प्रगतिमा प्रधानमन्त्री बालेनको इन्जिनियरिङ नक्साका एकाध खाकाले नै सनसनी फैलिन थालिसकेको छ । कतिपय भ्रष्टहरू, अपराधीक मानसिकता बोकेकाहरू पक्राउ पर्दैछन्, कारवाहीको भयले भागेका छन्, अन्डरग्राउण्ड बनेका छन् । हो, यस प्रकारको कानुनी भय हुनैपर्छ, सुशासनका लागि । यही भय स्थापित गर्न संविधान संशोधनको बहस अघि बढेको हो । जेनजी पुस्ताको सपना हो, अपराधीमाथि कारवाही, कानुन व्यवस्थामा सुशासन ।

प्रधानमन्त्री बालेन साहले जनताको, जनप्रतिनिधिको, प्रशासकको कुरा खुब सुनेका छन् । संसदमा पुरै समय बसेर सुनेका छन् । प्रशासकहरूलाई बोलाएर आफ्नो स्पिरिटअनुसार काम गर्न भनेका छन्, जो सक्दैनन् उनीहरूलाई ठाउँ खाली गरिदिन निर्देश दिएका छन् । शासनको यो शैली चित्ताकर्षक देखिदैछ ।

०६३ सालमा तत्कालिन नेताहरूले विवेक गुमाए । ०६५ सालमा गणतन्त्र कार्यान्वयन गर्दा पनि विवेक गुमाएकै हो । अवैधानिक रूपमा चुनाव हारेका व्यक्तिबाट प्रस्ताव गराएर संविधानसभाले पास गरेको हो । ०७२ सालमा संविधान जारी गर्दा तत्कालीन सभामुख सुवास नेम्वाङले संघीयता, धर्मनिरपेक्षता र राजतन्त्रका बारेमा जनताको सुझावलाई बोरामा कोचेर अँध्यारो कोठामा फालेकै हुन् । सांसदले धार्मिक स्वतन्त्रतामा सहमति गरे, रातारात धर्मनिरपेक्षता छापेर फास्ट ट्र्याकबाट संविधान जारी गरेकै हो । जसको परिणाम संविधानलाई जनताले अपनत्व नै लिएनन् । फेल भयो, भदौ २३ र २४ आयो । अब यस्तो नहोस् ।

यसकारण पनि सय बुँदे कार्यदिशा र कार्यक्रममा संविधान संशोधन सबै तह र तप्का, सबै पक्षमा चासो छ, आशा र खुशीको विषय बनिसकेको छ । अब हेर्नुछ, असीम साहले कुन तरिकाले सबै राजनीतिक शक्तिहरूलाई समेट्छन् । स्थापित पूर्वाग्रह, निषेध, विभेद र प्रतिषोधको काँडेझाडी पन्छाउनेछन् । जनताले दिएको मतादेश, जनादेशको जिम्मेवारीलाई ऐतिहासिक परिवर्तनको उपलब्धि बनाउने छन् ।

हेक्कारहोस्, संविधान निर्माणमा विगतका विकृति र निषेध त्यागेर, जनराय संकलन गर्दा आन्तरिक राजनीति र निर्णयक्षमतामा नेपालीहरूको हात बलियो हुनेछ । सार्वभौम राजनीतिको मौलिक पक्ष र जनताले दिएको अपार जनमतको सम्मान पनि हुनेछ ।

## बालेन सरकारको तीन काम, प्राथमिकतामा रहनुपर्ने दुई काम



**नारायण प्रसाद मिश्र**

सात आठ दशकको नेपालको इतिहासको अवधिमा हामीले राणा शासन, राजा शासन, निर्दलीय पञ्चायत शासन, बहुदलीय गणतान्त्रिक शासन ब्यवस्था सम्म देख्यौं । भोग्यौं । चार दशक अघिको कुरा धेरैको सम्झनामा नरहेपनि चार दशक यताको अनुभव र सम्झना धेरैलाई जरूर छ । प्रत्येक पुरानो शासन ब्यवस्थाले देश र जनताको हित् नगरेको थरी थरीका आक्षेप र लान्छना लगाई जनतालाई उचाली प्रजातन्त्र र साम्यबादको नारा घन्काउने बिभिन्न दलहरूले मुलुकमा गणतान्त्रिक बहुदलीय व्यवस्था ल्याए । यो ब्यवस्थाको मूल उद्देश्य भनेको देशको बिकास, जनताको कल्याण र समस्त जनतालाई सुख, सुविधा, सबैलाई समान अधिकार, समानता र न्याय निसाफ दिने र गर्ने भनियो । यो राम्रो कुरा थियो । यसैले जनताले पत्याए । तर यिनीहरूले यस किसिमको प्रजातन्त्र र न्याय निसाफ दिने व्यवस्थाको सट्टा प्रजातन्त्रको नाम अघि सारी दलतत्रन्त्र र नेतातन्त्र चलाए । जतासतै नातावाद, कृपावाद, भ्रष्टाचार गरी देश र जनता लुटी आफू, आफन्त, आफना समूह र आसेपासेहरूलाई पोसी मोजमञ्जा गरे । पद र शक्तिमा पुगेकाहरू सबै एक भन्दा अर्को कम नहुने गरी धनाढ्य भए ।

तीन दशकभन्दा बढीको यो कटू अनुभव गरेका जनताले ठूलो बिद्रोह गरी पहिले सत्तामा रहेका सबैजसो दल र यसका नेताहरूलाई यसपालीको आमचुनाबमा भारी मतद्वारा वहिस्कार गरी पन्छाइ दिए । बिकल्पको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई भारी मत दिई सत्तामा ल्याए । नेपालको इतिहासमा देखिएको यो एक अनौठो, ऐतिहासिक, रमाइलो घटनानै भन्नु पर्दछ । नेपाली जनतामा देखिएको सदा स्मरणीय रहने एक राजनैतिक जागरणको परिच्छेदनै भन्नु पर्दछ ।

यस घटना पछि नेपालमा अकल्पित रूपले उदाएको बालेन शाह नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले सुशासन र सुब्यवस्थासँग सम्बन्धित १०० वटा कार्यसूची कतिपयमा कार्यान्वयनको समयतालीका समेत समाबेस गरी प्रकाशनमा ल्याएको छ । देशलाई राजनैतिक फोहरी दाउपेच र भूमरीमा नराखी प्रगतिपथमा लम्क्याउन आबश्यक धेरै कुराहरू यसमा समावेस छन् । शासन प्रशासन बा अध्ययन अध्यापनमा सलग्न समूह र राष्ट्र सेबकहरूले राजनीतिको गन्ध र दुर्गन्धबाट अलग रही देश सेवामा समर्पित हुनु पर्ने बुदा पनि यस मध्यकै एक प्रशंसनीय बुदा भन्नु पर्दछ । यी बुदाहरूको सही कार्यान्वयनले देश सही वाटोमा लाग्ने आशा पलाएको छ ।

सरकारको अगाडि अहिले मुख्यत: तीनवटा काम तेर्सिएको देखिन्छ । आन्दोलनलाई दमन गरी जनताको जायज आवाजलाई बन्द गर्न हत्या हिंसा गर्ने सरकार, सरकारी निकायका *जिम्मेवार पदाधिकारीहरूलाई आन्दोलनकारीहरूको माग बमोजिम अर्थात अनुसन्धान आयोगको सिफारिस बमोजिम कारवाई गर्ने (२) भ्रष्टाचार र अनियमितता गरी देशलाई अधोगतिमा पुरयाउनेको पहिचान गरी सजाय दिने र (३) मुख्यत: सुब्यवस्था र सुशासन कायम गरी मुलुकलाई बिकास पथमा लम्काउने ।*

मुलुकमा रहेको जुनसुकै सरकारको मुख्य काम आफनो शासन ब्यवस्था बिरूद्ध लाग्नेलाई दवाई शान्ति सुरक्षा कायम गर्ने मुख्य दायित्व नै हुने भएकोले आन्दोलनलाई दबाउन सरकारले हत्या हिसा गरयो भन्ने आक्षेपले कुनै ठूला बा साना पदाधिकारीलाई दोषी ठहऱ्याई कारवाइ गर्नु जरूर पनि सजिलो काम होइन । त्यस मध्य पनि हाम्रो जस्तो समाज र मुलुक जहाँ जस्तो सुकै भ्रष्ट नेताको हजारौं लाखौं भरौटे सेबक र कार्यकर्ता हुने ठाउँमा यस्तालाई कारवाइ गर्ने कुरामा अल्झिदा माथि लेखिएको दोश्रो र तेश्रो काम गर्ने समय कम हुन जान्छ। यस उसले बर्तमान सरकारको ध्यान नं १ को काममा भन्दा नम्बर २ र ३ को काममा जानु बढी फलदायी हुने देखिन्छ ।

narayanshanti70@gmail.com

## संसदबाटै राजीनामा दिन रास्वपाको आह्वान



*चैत २० गते । संसद्को रोस्टमढबाटै रास्वपाका अध्यक्ष रवि लामिछानेको सन्देश- पूर्ववर्ती सरकारको पालामा राजनीतिक नियुक्ति लिएकाहरूले राजीनामा दिनुस् । 'यो सरकार जेनजी विद्रोहको पनि सन्तान हो,' उनले भने, 'हिजो संविधान र कानुनको आवरणमा नेता र पार्टीका सिफारिसबाट नियुक्ति लिएकाहरूले स्वेच्छिक रूपमा राजीनामा दिँदै विधिको पालना गर्नमा सहयोग गरिदिनु हुन म अपिल गर्न चाहन्छु ।'*

## बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति अध्यक्ष निमा कुन्क्याप रोकायको खण्डनपत्र

श्री सम्पादक ज्यू,

मिति: २०८२/११/०८

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा-१४, कलंकी काठमाडौं,
दर्ता नं. २५-०३९/४०

विषय: प्रकाशित समाचार प्रति ध्यानाकर्षण एवं खण्डन सम्बन्धमा

मिति २७ माघ २०८२ मा गोरखा एक्सप्रेस साप्ताहिकमा 'रिम्पोछे काण्ड, चीन रिसायो' शीर्षकमा बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको अध्यक्ष पदमा मेरो नियुक्तिको विषयलाई पनि जोडेर प्रकाशित कपोकल्पित र भ्रमपूर्ण समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचारमा 'नेपाल सरकारले माघ १ गते मन्त्रीस्तरीय निर्णयमार्फत बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको अध्यक्ष पदमा समिति गठन आदेश २०७५ विपरित बोन धर्मका गेशे निमा कुन्क्याप रोकाय उर्फ (Khenpo Nyima Kunkhyabo) लाई नियुक्त गरेपछि चीनपक्ष सशंकित नेपाल बौद्ध महासंघले बिरोध जनायो र केही दिनमै यिनैलाई स्वीकार गर्ने सहमति हुनलागेको प्रकरणमा लेनदेनको कुरा चुहियो ।' भनिएको छ। कुनै पनि नियुक्तिमा अर्को पक्षले असन्तुष्टि जनाउनु सामान्य विषय हो । तर, सहमति भइसकेको विषयलाई 'लेनदेनको कुरा चुहिएको', लेनदेनमा मिलाइएको भनेर आरोप लगाउनुअघि तपाईं सम्पादक रहेको प्रतिष्ठित मिडियाले सामान्य अध्ययन, प्रमाणको खोजी र विषय पुष्टिका लागि स्वयं मलाई स्पष्टीकरणको मौकासमेत नदिइ भ्रमपूर्ण समाचार प्रकाशित गर्नु खेदजनक छ ।

समितिको अध्यक्ष पदका लागि '५ करोड खर्च गरेर पदासीन भएको चर्चा व्यापक छ...' भनेर बजार हल्लालाई समाचारमा स्थान दिनु कतिको जायज हो ? पत्रकार आचारसंहिता बमोजिम यस्तो संगिन आरोप लगाउनुअघि सम्बन्धित पक्षलाई स्पष्टीकरणको मौका दिनुपर्दैन ? सेवामूलक सार्वजनिक पदमा आसीन व्यक्तिलाई आरोप लगाउनुअघि विषयको पुष्टि हुनुपर्दैन ? रकम लेनदेनको चर्चा भनेको के हो ? प्रतिष्ठित मिडियाले चर्चा र बजार हल्लाको भरमा कसैको मानमर्दन गर्न मिल्छ ?

बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिजस्तो नितान्त सेवामूलक संस्था (जसमा नेपाल सरकारले दिने सामान्य सेवा बाहेक केही उपलब्ध हुँदैन) को अध्यक्ष पदका लागि रकम लेनदेनको जरूरत नै पर्दैन । यो त सरकारले बौद्ध धर्म संरक्षणमा योगदान गरेबापत दिने जिम्मेवारी हो । सो समितिको अध्यक्ष पदमा नियुक्तिका लागि के-कस्ता प्रक्रिया छन् ? मिडियाले खोजबिन गरेर तथ्यमा आधारित भएर समाचार प्रकाशित गर्ने हो कि एकतर्फी रूपमा? समाचारमा लगाइएको आरोपको पुस्ट्याईं के हो ?

त्यस्तै समाचारमा 'कुन्क्यापमाथि तिब्बतबाट भगाएर ल्याइएका तिब्बतीलाई धर्मशालासम्म पुऱ्याउने, मानवअधिकार लगायतका कभरमा डोल्पाबाट चीनको तिब्बतको सिमावर्ती क्षेत्रमा जासूसी गर्न जानेलाई बन्दोबस्त मिलाउने, बाटो देखाउने र पश्चिमासँग गठजोडमा सक्रिय रहेको थप आरोप पनि लाग्ने गरेको छ ।' भनिएको छ । कुनै पनि सञ्चारमाध्यमले यथार्थमा आधारित भएर समाचार प्रकाशित गर्नु उसको धर्म हो । दुई सार्वभौम देशको सम्बन्धलाई नै प्रभावित पार्ने दुषित मनसायले पुष्टि हुन नसक्ने विषयलाई तपाईंजस्तो प्रतिष्ठित मिडियाले समाचारमा स्थान दिनु कतिको उचित हो ? पुष्टि गर्ने आधारहरू भए यी आरोपलाई प्रमाणित गर्न चुनौती पनि दिन्छु ।

यसरी बजार हल्लालाई टिपेर मलाई सामान्य स्पष्टीकरणको मौकासमेत नदिइ समाचार प्रकाशित गरेर मेरो व्यक्तिगत इज्जत, प्रतिष्ठामा क्षति पुऱ्याएको र समितिमाथि अपुष्ट लाञ्छना लगाएकोमा माफी माग्न, आरोप फिर्ता लिन र कपोकल्पित समाचार हटाउन आग्रह गर्दछु । अन्यथा कानुनी/अदालती प्रक्रियामा जाने व्यहोरा जानकारी गराउँदछु ।

**निमा कुन्क्याप रोकाय**
**अध्यक्ष, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति**
सम्पर्क: सम्पर्क: ९८४०५२४७२०
Email : murigkenpo@gmail.com

*गोरखा एक्सप्रेस साप्ताहिकलाई भन्नु छ- गोरखा एक्सप्रेस माटोबादी पत्रिका हो । यो पत्रिकाले कसैमाथि कहिले पनि पूर्वाग्रह राखेको छैन । हाम्रो उद्देश्य राष्ट्रको सेवा हो । कुनै विषय राष्ट्र अहितमा छ भने त्यसलाई उजागर गर्नु हो । निमा कुन्क्याप रोकायको नियुक्तीप्रति हामीलाई कुनै आपत्ति छैन तर २०८२ माघ १ गते नै नेपाल बौद्ध महासंघले यो नियुक्ती गुम्बा विकास समिति गठन, पहिलो संशोधन आदेश २०७५ को दफा ३ को उपदफा २ को क अनुसारको व्यवस्था विपरित छ भनेर प्रेस विज्ञप्ति नै प्रकाशित गरेको छ र विज्ञप्तिमा धेरै आपत्ति जनाइएको छ ।*

*नेपाल र चीनवीचको सम्बन्ध पञ्चशीलमा आधारित छ । भारत र चीनसँग समदूरी नेपालको नीति हो । एकचीन नीति नेपालको विदेश नीति हो । यस्ता नियुक्तीले नेपालमाथि कुनै असर नगरोस् भन्ने हाम्रो मनसाय हो । र, कतिपय प्रकाशित भइसकेका सूचनाहरू पनि समाचारमा जोडिएका हुन् । व्यक्तिगत असर पर्न गएको ठानिएको भए हामी दु:ख व्यक्त गर्दछौं ।*

*स्मरणीय छ, यस विषय सन्दर्भ समाचारहरू धेरै सञ्चारमाध्यममा छापिएका छन्, केही उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ-*

***https://www.ratopati.com/story/541940**/who-is-rinpoche-who-made-waves-in-the-political-and-diplomatic-arena-after-coming-to-nepal (को हुन् रिन्पोछे, जो नेपाल आएपछि राजनीतिक र कूटनीतिक क्षेत्रमा तरङ्ग बढ्यो ? - २०८२ माघ २१)*

***https://janaaastha.com/story/176395** (नेपालमै रहेका रिम्पोछे दलाई लामाका खास मान्छे प्रमाणित)*

***Yoho TV** (दलाई लामाका रिम्पोछे नेपालमा)*

***नागरिक न्यूज-** चीनलाई चिढ्याउने तिब्बती धर्मगुरूको भ्रमणप्रति चासो ।*

***https://newsabhiyan.com/ रिम्पोछे काण्ड, चीन रिसायो***

***रिम्पोछे काण्ड, चीन रिसायो । न्यूजअभियान ।** २०८२ माघ २७ मंगलबार । समकालीन स्थितिमा अन्य धेरै सञ्चारमाध्यममा सम्बन्धित समाचार छापिएका छन् ।*

# यो बुढो रूख, त्यो बुढो रूख






*आजको चुनौती भनेको त्यो बुढो रूखलाई जोगाउँदै नयाँ बिरूवाहरूलाई पनि हुर्काउनु हो । पुरानो अनुभव र नयाँ ऊर्जा मिलेर मात्र सन्तुलित वन बन्न सक्छ । यदि हामीले केवल पुरानोलाई हटाउने सोच राख्यौं भने, हामी इतिहासबाट टाढा हुन्छौं । र यदि केवल पुरानोलाई समातेर बस्यौं भने, भविष्य निर्माण गर्न सक्दैनौं ।*

**विश्वास पराजुली**

नेपाललाई रूखको धनी अर्थात वनको धनी देश भनिन्छ । सत्य पनि लाग्छ जता हेर्दा पनि रूख नै रूख । विभिन्न प्रजाति रङ्ग रूपका रूख । ती रूख कतै चौतारी बनेर शितलता दिन्छन त कतै अटल उभिएर साहरा दिने काम गर्छन् । रूपान्तरण त मानौ त्यै रूखले देखेको छ । बुट्यान, वयस्क हुँदै बुढो रूख । हो आज हामी त्यौ बुढो रूखको कुरा गर्छौं ।

बुढो रूख भनेको अशक्त, विकासच्यूत भएको, साहारामा मात्र उभिने भन्ने भाष्य हामी माझ चिर परिचित छ तर कहिले हाम्ले ती बुढा रूखले खदिलो इतिहास, सबै समयको अनुभाव र लाखौ शंख्य फलफुलले धेरैको सेवा गरेको छ । त्यो बुढो रूख मानौ सम्पूर्ण विकास चक्रको अभिन्न र अकाट्य विम्ब हो । आजको आधुनिक युगमा विश्वव्यापी उष्णता बढ्दै जाँदा सम्पदामा गुन्जिने ती अविरल तिखा धुनहरूले मानौ यसको अस्तित्व मेट्दै गएको छ । कहिले घामको ताप, कहिले हसिया हथौडाको चोट त कहिले घन्टीको कर्कस, ती सबैका बिच पनि ठिङ्ग उभिएको छ त्यो बुढो रूख ।

त्यही बुढो रूख अहिले संकटमा छ । विपिको विचारधारा तथा मिहिनेतले वृक्षारोपण गरिएको त्यो रूखलाई मानौ मातृकाप्रसाद कोइरालाले मलजल गरि हुर्कने प्रयाप्त वातावरण सिर्जना गरे । अन्ततः २००७ साल फाल्गुन ०७ गते त्यो महाअधियानले देशमा जरा गाडेर बसेको राणाशासनको तुषलाई उखालि फाल्यो र देशले प्रजातन्त्र नामको स्वच्छ हावामा गह भरि स्वाँस फेर्यो । विभिन्न वर्षहरू पश्चात २०१७ साल पुस १ गते राजा महेन्द्रले जननिर्वाचित सरकारलाई बर्खास्त गरी 'कु' गरे र दलहरूमाथि प्रतिबन्ध लगाए त्यस पछि भने त्यो कलिलो पालुवा भरिएको रूख वयस्क भयो । वयस्क त्यो रूखले अनगिन्ती नेपालीलाई आश्रय दिँदै वि.सं. २०४६ सालमा पुन: देशलाई प्रजातन्त्रको उज्यालोमा फर्कायो । त्यो वयस्क रूखले फेरि एकपटक आफ्नो सामर्थ्य देखायो, हावाहुरी, आँधीबेहरी सबैसँग जुध्दै भयो । राजनितिको आडमा नेपालीले दुख पाएँ, राजनैतिक दलहरूले दमन गरे, चप्पलबाट बुट झुपडीबाट महलमा रातारात पुगे भन्ने भाष्यले लय लियो । लय यस्तो गुन्जमान भयो की मानौ त्यो दिन हामी नेपाल आमाको प्रसवको संघारमा छौं । जसरी आमा बन्ने बखत त्यो नौ महिना देखीको सकस एकै स्वरमा निस्किन्छ त्यसरी त्यो आवाजले जनताको चाहना पूरा गर्ने अठोटका साथ लड्यो, उर्जा थप्यो र उभियो ।

तर समय सधैं एकनास हुँदैन । वि.सं. २०६२।६३ मा देशले ठूलो क्रान्ति भोग्नु पर्यो । नेपाली जनताका कैयन तन मन र धन छिया छिया हुँदै गर्दा त्यो उनमाद वनेको जनआन्दोलनमा फेरि एकपटक वयस्क रूखले आफ्नो शक्ति संकलन गऱ्यो र जनताको आवाजलाई साथ दिँदै देशलाई गणतन्त्रको अमृतपान गरायो र जनताको विश्वासलाई सँगसँगै डोऱ्यायो । यसले देखायो कि त्यो बलियो र गर्भिलो कडापन उसको वयस्कको तेज मात्र नभई हिजोका दिन देखी मलजल सहित सिचित भएर गाडिएको जराको दम्भ थियो ।

विभिन्न कालखण्डमा आफ्नो शक्तिले नेपाली जनतालाई आडस दिँदै आएको त्यो रूखले भने बारबार एकै व्यक्तिको सेवामा तल्लिन बस्ने प्रवृतिले संज्ञा पायो बुढो रूखको । शेरबहादुर देउवा नेपाली कङ्ग्रेसको इतिहासमा बीपी कोइराला र गिरिजाप्रसाद कोइरालापछि सबैभन्दा लामो समय सत्ताको बागडोर सम्हाल्ने र पार्टीमा बलियो पकड राख्ने नेता बन्नु भयो । उहाँकै सभापति कालमा कङ्ग्रेसले स्थानीय तहदेखि केन्द्रसम्म आफ्नो उपस्थिति बलियो बनाएको, यद्यपि वैचारिक स्पष्टता र पार्टी सञ्चालनको शैलीलाई लिएर बहसहरू अझै जारी छन्। ती सञ्चालनका शैलीले हराभरा रूखलाई भने सुखापन तथा बुढ्यौली तीर डोऱ्याउन पुग्यो । वि.सं. २०७२ फाल्गुनमा हालका राष्ट्रपति रामचन्द्र पौडेललाई १३औं महाधिवेशनबाट पराजित गराएर सभापती बने पश्चात उहाँ भने देशको पाँच पटक प्रधानमन्त्री भई सक्नु भएको छ । उहाँका कालखण्डमा पाटी सुदृढ त बन्यो साथै देशको ठूलो पाटी समेत बन्यो ।

भाद्र २३ गते नेपालमा नँया लय आयो, जेन जी । आवाज सामान्यबाट बुलन्द हुँदै ठूलो विष्फोटमा परिवर्तन माइतीघरबाट उठेर संसद भवन हुँदै सिंहदरवारसम्म थर्कमान बनायो । ७५-७६ जनाको मृत्यु र २००० हाराहारीको हाताहात सहित त्यो आन्दोलनले भाद्र २४ गते देशमा पहिले देखी चिर परिचित राजनैतिक दलहरूको किल्लामा हमला बोल्यो र अन्ततः समाननीय सुशिला कार्कीको नेतृत्वमा देशले नयाँ नेता पायो । यो आन्दोलनले हाम्रो रूखलाई पनि साह्रै मर्माहित तुलायो । पाटी भित्र बुढो सज्ञा पाएको रूखले बाहिर पनि चर्को कर्कसमा बुढो रूखको ध्वनी प्रहवाहित गऱ्यो । सो अवस्थामा हेर्दा, त्यो बुढो रूख संकटमा परेको, नयाँ पुस्ताले नयाँ बिरूवा रोप्न खोजिरहेको, पुरानो रूखलाई काटेर नयाँ बनाउने सोच पनि कतै-कतै देखिन्थ्यो । केहीले यसलाई अवरोध ठाने, केहीले यसलाई प्रेरणा । वास्तवमा, त्यो बुढो रूख न त पूर्ण रूपमा अशक्त थियो, न त पूर्ण रूपमा अनावश्यक । त्यो त इतिहास, संघर्ष र उपलब्धिको प्रतीक हो ।

बढ्दो घटनाक्रममा फेरि नयाँ परिवर्तनको स्वाँर गुन्जियो त्यो थियो प्रतिरोपण । प्रतिरोपण भनौ वा कलमी अर्थात जरा उही तर फलदिने हाँगाहरू फरक । प्रतिरोपणका प्रमुख योजनाकार थिए गगन कुमार थापा । दोस्रो विशेष महाधिवेशनले उहाँलाई सो प्रतिरोपणको वैधानिकता प्रदान गऱ्यो । थापाले विभिन्न वर्षहरू देखि नै रूख वुढो हुँदै छ मलजल गर्ने पाखुरा दरिलो खोज्नु पर्छ है भन्दै प्रश्न उठाउदै आएका नै हुन तर सफल भएका थिएनन् । वि.सं. २०७९ को निर्वाचनमा ८९ सिट सहित पहिलो दल रहेकोमा यो वर्ष भने त्यो संख्या ३८ सिटमा खुम्चिन पुग्यो । आसन्न चुवाबलाई मध्यनजर गर्दै थापाको यो कदमलाई सबैले स्वीकार गरे तर आफ्नै दलमा भने यसको कमी देखियो । ८६ स्थानमा दोस्रो स्थानमा रहनुले यो विषयलाई कता कता प्रमाणित जस्तो गर्दिन्छ ।

अलिकती हामी इतिहासमा फर्किन्छौ है । कुरा गर्छौं महाभारतको । तपाईहरूलाई महाभारतको युद्ध के का लागि र किन घटित थियो थाहा छ । आउनुस हामी यस बारे जान्छौं । महाभारतका मुल ५ कारण दिए जस्तै राज्यको उत्तराधिकार विवाद, द्रोपदीको अपमान, दुर्योधनको हठ र अहंकार, शकुनीको षडयन्त्र र धृतराष्ट्रको पुत्रमोह । यो युद्धको सबैभन्दा ठूलो कारण हस्तिनापुरको सिंहासन थियो । पाण्डुका पुत्रहरू (पाण्डव) र धृतराष्ट्रका पुत्रहरू (कौरव) बीच राज्यको वास्तविक हकदार को हो भन्ने विषयमा विवाद थियो । पाण्डवहरूले जुवामा हारेपछि कौरवहरूले भरी सभामा द्रोपदीको चीरहरण गर्ने प्रयास गरे। यो घटनाले पाण्डवहरूलाई प्रतिशोधको अग्निमा जलायो। भीमले त्यसै बेला दुर्योधनको तिघ्रा र दुशासनको छाती चिर्ने प्रतिज्ञा गरेका थिए, जसको अन्त्य युद्धमै हुनु निश्चित थियो । भगवान श्रीकृष्णले शान्ति दूत बनेर कौरवहरूको सभामा गएर पाण्डवहरूका लागि मात्र ५ वटा गाउँ मागेका थिए । तर, अहंकारी दुर्योधनले "सियोको टुप्पो जति जमिन पनि दिन्न' भनेर युद्धको निम्तो दिए। दुर्योधनका मामा शकुनीले आफ्नो वंशको विनाशको बदला लिन कौरव र पाण्डवहरूबीच सधैं कलह बीजारोपण गरे। उनले नै कपटपूर्ण जुवा (पासा) को खेल योजना बनाएर पाण्डवहरूलाई वनवास पठाउन मुख्य भूमिका खेलेका थिए । राजा धृतराष्ट्र आफ्ना छोरा दुर्योधनको गल्ती देख्दादेख्दै पनि चुप लागेर बसे। उनले न्याय भन्दा बढी आफ्नो छोराको इच्छालाई प्राथमिकता दिएका कारण यो विनाशकारी युद्ध रोकिन सकेन। यो इतिहासलाई हालको परिवेश सँग तुलना गर्ने मिल्ले खालको छ । यही महाभारतका कारकलाई आजको गगनको विद्रोहसँग के कती जोड्न मिल्छ त्यो मनन गर्ने विषय रह्यो । हामीले बुझ्नुपर्ने कुरा के हो भने, कुनै पनि रूखको मूल्य केवल यसको हरियालीमा मात्र हुँदैन, यसको जरामा हुन्छ, त्यो जरा जसले माटोलाई समातेको हुन्छ, जसले वर्षौंको संघर्ष सहेको हुन्छ । त्यो बुढो रूखले दिएका फल, छायाँ र सहारालाई बिर्सन मिल्दैन । तर यसलाई समय अनुसार स्याहार-सम्भार गर्न पनि आवश्यक छ ।

आजको चुनौती बुढो रूखलाई जोगाउँदै नयाँ बिरूवालाई पनि हुर्काउनु हो । पुरानो अनुभव र नयाँ ऊर्जा मिलेर मात्र सन्तुलित वन बन्न सक्छ । यदि हामीले केवल पुरानोलाई हटाउने सोच राख्यौं भने, हामी इतिहासबाट टाढा हुन्छौं । र यदि केवल पुरानोलाई समातेर बस्यौं भने, भविष्य निर्माण गर्न सक्दैनौं । अन्ततः त्यो बुढो रूख हाम्रो पहिचान हो । हाम्रो इतिहासको जीवित दस्तावेज हो । यसलाई सम्मान गर्दै, यसको छायाँमा नयाँ सपना रोप्नु नै आजको आवश्यकता हो ।






## हामी नेपाली हौं - जी शाह



हामी नेपाली हौं
न झुकेको छु
न झुक्नु दिन्छु
चन्द्र सूर्य झण्डा हाम्रो
खाएको छु कसम
यो पवित्र माटोको
मर्नु परे यसैमा मर्ने छु
हामी नेपाली हौं
हामी नेपालका हौं
हामी एक छौं
एक रहने छौं
न छुटेको छौं
न छुटाउन दिन्छौं
हामी नेपाली हौं
हामी नेपालका हौं
छ हिमाल शिरमा हाम्रो
छ मेची काली पाखुरामा
छ पहाड छातीमा हाम्रो
छ तराइ हराभरा राम्रो
शान्तिको पुजारी हामी
हाम्रो बीरको गाथा बोकेको राम्रो
आइ परेकोलाई जाइ पर्ने छदैछ
हामी नेपालका हौं
हामी नेपाली हौं
हामी एक छौं
एक रहने छौं
न छुटेका छौं
न छुटाउनु दिन्छौं
हामी नेपाली हौं ।

विगतका वर्षहरूमा झैं यस वर्ष पनि राप्ती साहित्य परिषद् दाङ शाखाले यही चैत २१ गते शनिबारको दिन पत्रकार महासङ्घ दाङको सभाहलमा स्रष्टा सम्मान, पुरस्कृत,साधारण सभा तथा साहित्यिक कार्यक्रमहरू गर्ने भएको छ । २०८२ सालको पुरस्कार समर्पणका लागि यज्ञबहादुर बुढाथोकी स्मृति पुरस्कारबाट डा टीकाराम उदासी, कृष्ण गायत्री प्रज्ञा पुरस्कारबाट हरि पोखेल, नेत्रमोहनादेवी साहित्य पुरस्कारकाबाट दिल्लीराज श्रीधर र वेदप्रसाद जयश्वरी रावत स्मृति पुरस्कारबाट खगेश्वर भण्डारीलाई पुरस्कृत गर्ने भएको छ । विगतका वर्षहरू झैं साहित्यकार तथा लेखक गुरूप्रसाद शर्मा रेग्मी र पुरस्कार संस्थापकको तर्फबाट देवप्रसाद जयश्वरी रावत स्मृति पुरस्कारका संस्थापक लालबहादुर आरसी सम्मान गर्ने भएको छ ।

## मुक्तकका प्रयासहरू



वसन्तमा झैं आनन्द शिशिरमा आउँदैन
चराचुरूङ्गीले पनि सुमुधुर गीत गाउँदैन
परिवर्तन प्रकृतिको अकाट्य नियम हो
कसैले सधैंभरि एकैनासे रहन पाउँदैन ।

**- अरूण कुमार भुजेल**



सम्बन्धको गाँठो फुक्न सजिलो, कस्न गाह्रो हुँदोरैछ
बानी नभए पछि अरूको चिल्लो, घस्न गाह्रो हुँदोरैछ
उद्देश्य थियो बाँडीचुँडी खाएर मिलिजुली बसौं भन्ने,
बैगुनीहरूको नियतसँग मिलेर बस्न गाह्रो हुँदोरैछ ।

**- रवि श्रेष्ठ**



दुई दिने जिन्दगीको आशा कहिल्य मार्ने छैन
यो जीवनका गाढा सपना कुहिरोमा पार्ने छैन
आज नभएनी भोलि गर्नेछु अल्झेर सपनासँगै
संघर्षमा हिडिरहनु छ हिम्मत कहिल्य हार्ने छैन ।

**- अर्जुन अधिकारी**



मूल्यवान समय, शरीर व्यर्थकिया बदलते रिश्तेनातों में,
नही आना था, आ गया पागल चिकनी चुपड़ी बातों मे,
चोट लग ही जाती हैं प्रीत काँचकी दुनिया से लगाने में,
कचोटता है घाव फिर हरदम अन्दर काली घनी रातौंमे

**- इन्दु तोदी**



बाले पार्टी छोडे अब दाइभाइले नि छोडे
कहिल्यै पनि न भा रेकर्ड रास्वोपाले तोडे
बाले कृषि गर्नु अब आमा घर चलाउनु
राजस्वबाट उठ्या पैसा देशमै खर्च लाउनु ।

**- इन्दिरा रेग्मी**

# चरा हराएका बस्तीहरू

**डा.दामोदर पुडासैनी किशोर**



बर्माका चोमे, नाम्छु र म्याण्डलेतिर
झिसमिसेमै चराहरू आज गाउँ पसे
जसरी हिजो अस्ति पनि उनीहरू गाउँ पस्थे

आज गाउँमा गाउँ थिएन
गाउँमा
आँगन र पिँढी लिपपोत गर्ने आमा र दिदी बहिनीहरूपनि थिएनन्
लुँगी हल्लाउँदै र चप्पल पडकाउँदै गाईबस्तु धपाउँने
बाजे र काकाहरूपनि थिएनन्
घरि थाइल्याण्डको गर्मीमा र घरी रूबी खोज्ने
दुलोमा ज्यान घोटेर घर उचाल्ने
घरको धुरीखाँबो दाइ र भाइहरूपनि थिएनन्
तिनीहरूमध्ये कयौं
बमको छर्राले आँगन, बाटो र पाटोमा ढलिरहेथे
कोही रातभर सेनाले लगाएको आगोले जल्दै
डुङडुङ्ति गन्हाइरहेथे
बचेखुचेका कोही भने
भीषण बर्षाको परवाह नगरी
सर्प, बाघ, भालु र काँडेघारी छिचोल्दै भागिरहेथे
किलामा झुण्याइएका कपडाहरू र भकारीका अन्नहरू बेपरवाह जलिरहेथे

हिजोसम्म गाउँपस्दा
गाउँमा शँख घन्ट बजिरहेको हुन्थ्यो
कतै गुम्बा र चैत्यमा ओम मणि पद्मे हुँ चलिरहेको हुन्थ्यो
करेसाबारी र आँगनको छेउछाउबाट हावासँगै लहरिँदै हल्लन्थे वास्नाहरूपनि
बाखाका पाठा र स साना नानीहरू छुनुमुनु नाचिरहेका हुन्थे

एक्कासी बस्ती ढालिएपछि
र धमाधम मान्छे मारिएपछि
पीरो धुवाँ र लाशका गन्ध फैलाउँदै हिडिरहेका देखिए हतियारहरू पनि

एकाएक गाउँ खरानी देखेपछि
र एकाएक मान्छेले मान्छे नास्दै हिँडेको देखेपछि
एकाविहानै
आँगनमा ओर्लेका चराहरूपनि फर्किए बिरानो प्रदेशतिर

बर्माको त्यो बस्तीमा
घाम र बिहान त आउँछन् अचेलपनि
तर न चरा आउँछन् , न उज्यालो
केवल आइरहेछ
मान्छे रित्तिएको तीतो र पीरो हरक ।

## मदन पुरस्कार बिजेता युवराज नयाँघरे



**अरूणबहादुर खत्री नदी**

नियात्राकार युवराज नयाँघरे, उहाँको वास्तविक नाम युवराज सुवेदी हो । हाल उहाँ दमक नगरपालिका-१०, झापा जिल्लामा बसोबास गर्नुहुन्छ । लेखन प्रारम्भ २०४० सालदेखिको हो । सर्वप्रथम २०४० सालमा भानु पत्रिकामा उहाँको कविता प्रकाशित भएको थियो । उहाँको लेखन प्रेरणा आमा र समाज हो ।

नियात्राकार नयाँघरेको विशेष योगदाननिबन्ध र नियात्रामा फुटकर र कृतिगत रूपमा निरन्तर प्रतिबद्ध सिर्जनात्मक सहभागिता हो । उहाँका प्रकाशित कृतिहरू संवेदनाका स्वरहरू ( संयुक्त निबन्ध संग्रह) २०५४, मुहूर्तको वरिपरि (निबन्ध संग्रह) २०५५, मखुण्डाको मन (निबन्ध संग्रह) २०५५, काठमाण्डौलाई कोर्रा (निबन्ध संग्रह) २०५८, नीलडाम (निबन्ध संग्रह) २०६१, (नदी प्रकाशन, २०६१, अनाम पहाडमा फनफनी (नियात्रा संग्रह) २०६२, एक हातको ताली (निबन्ध संग्रह) २०६५, घामको चुम्बन (नियात्रा संग्रह) २०६७, स्वाहा (निबन्ध संग्रह) २०६८, हरियो राहदानी (निबन्ध संग्रह) २०६९, ह्वाइट हाउसको घामपानी ( नियात्रा संग्रह) २०७०, डलरको डायरी (नियात्रा संग्रह) २०७१, आमिल (निबन्ध संग्रह) २०७१, हाराबारा (नियात्रा संग्रह) २०७३, औंला औंलामा अष्ट्रेलिया (नियात्रा संग्रह) २०७५, तनक्खा (नियात्रा संग्रह) २०७६, याकजी (नियात्रा संग्रह) २०७९ र आगोको बीउ (निबन्ध संग्रह) २०८१ ।

नयाँघरेले चक्रपाणि चालिसे राष्ट्रिय प्रतिभा पुरस्कार, २०५६, उत्तम शान्ति पुरस्कार, २०५८, हरिभक्त कटुवाल सर्वदा सिर्जना सम्मान, २०५८, कपिलवस्तु साहित्य समाजद्वारा सम्मान, २०६०, सिपाही पत्रिकामा लेखतर्फ तृतीय पुरस्कार, २०६०, युवा वर्ष मोती पुरस्कार, २०६१, भूपालमानसिंह कार्की युवा पुरस्कार, २०६१, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज उत्कृष्ट पुस्तक पुरस्कार (अमेरिका), २०६३, शंकर लामिछाने युवा निबन्ध पुरस्कार, २०६५, मदन पुरस्कार, २०६५, महाकवि शताब्दी स्वर्ण पदक, २०६७, कलाश्री पुरस्कार, २०७०, प्रतिभा पुरस्कार, २०७१, सत्यमोहन जोशी शताब्दी पदक, २०७७, दीपा जनमत सम्मान २०७८, साहित्य कलाश्री पुरस्कार, २०७९, जीवन स्मृति पुरस्कार, २०७९ र वनिता नियात्रा पुरस्कार, २०८० आदिबाट सम्मानित हुनुहुन्छ । उहाँका फुटकर रचनाहरू मधुपर्क, गरिमा, समकालीन साहित्य, समष्टि, मिर्मिरे, रचना, उन्नयन, आकृति आदि राष्ट्रिय स्तरका पत्रपत्रिकामा निबन्ध, नियात्रा, कविता, अन्तर्वार्ता र समसामयिक रचनाहरू सयौंको संख्यामा प्रकाशित भइसकेका छन् । विभिन्न स्रष्टाहरूलाई चिनाउने पुस्तक-समीक्षा लेखन प्रकाशित भएका छन् । उहाँले सेलेक्टेड नेपाली एसेजमा निबन्धकारहरूसँगै दुई रचना अनुवाद गर्नु भएको छ ।

नयाँघरेका रेडियो नेपालको 'साहित्य संसार' र 'हाम्रो संस्कृति' कार्यक्रममा अग्रज, समकालीन र नवीन पुस्ताका साहित्यकार, कलाकार, संस्कृतिकर्मीहरूका विविध पक्षमा केन्द्रित रही लेखिएका आलेखका अतिरिक्त निबन्ध, नियात्रा, साहित्यिक विवरण र सिर्जनात्मक परिचर्चा करिब ३०० को संख्यामा प्रसारित भइसकेका छन् । उहाँको सम्पादनमा बालसाथी (बालपत्रिका), कल्पलता (साहित्यिक पत्रिका), सानो हजुर (उपन्यास, सुन्दर प्रसाद शाह 'दुःखी'), तीस पाइला (नियात्रा संग्रह, विष्णु बहादुर सिंह), चालिस फन्को (संस्मरण संग्रह, मोहन बहादुर कायस्थ) निस्केका छन् ।

उहाँ सम्बद्ध संस्थाहरूमा सदस्य, साहित्य सिर्जना प्राङ्गण, सदस्य, विद्वच्छिरोमणि हेमराज पुरस्कार गुठी, सदस्य, वासुशशी स्मृति परिषद्, सदस्य, बसुन्धरा-मान प्रज्ञा-प्रतिष्ठान, सदस्य, ललितकला समीक्षक समाज, सदस्य, विश्व नारी नेपाली साहित्य सम्मेलन आदि हुन् । उहाँ नेपाल प्रज्ञा-प्रतिष्ठान, साझा प्रकाशन, प्रेस काउन्सिल नेपाल, गणेशमान सिंह अध्ययन प्रतिष्ठान, बगर फाउन्डेसन, नेपाली कला साहित्य डटकम, लुनकरणदास-गंगादेवी चौधरी साहित्य कला मन्दिर, नइ प्रकाशन लगायतका संघ, संस्थाद्वारा विभिन्न ठाउँमा आयोजित सेमिनार र कार्यशालामा सहभागिता हुनु भएको छ ।

नियात्राकार नयाँघरेका रचनाहरू स्नातक तह, निबन्ध 'हिमाललाई पानीको तिर्खा' को पठनपाठन, निबन्ध 'बोलीको बगैंचा' को पठनपाठन, स्नातकोत्तर तह (मानविकी संकाय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय) निबन्ध 'शरणागत' को पठनपाठन, स्नातक तह चार वर्षे, दोस्रो वर्ष, ऐच्छिक नेपाली (मानविकी संकाय, त्रिभुवन विश्वविद्यालय) निबन्ध '१८ हजार जाबो' को पठनपाठन, बिएड आइसिटी (शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय) निबन्ध 'भेटौंला कर्फ्युमा' को पठनपाठन, शास्त्री तह, (नेपाल संस्कृत विश्वविद्यालय) निबन्ध 'भाँगडाको भूइँचालो' को पठनपाठन, कक्षा ६ मा निबन्ध समावेश- नेपाली भाषा सौरभ, कक्षा ६ र ७ मा निबन्ध समावेश- एशिया पब्लिकेशन, कक्षा ६ मा निबन्ध समावेश- ऐरावती प्रकाशन, कक्षा ५ मा निबन्ध समावेश- शुभारम्भ प्रकाशन, कक्षा ५ र ७ मा निबन्ध समावेश- अल्फाबिटा पब्लिकेशन, कक्षा ८ मा नियात्रा समावेश- पाठ्यक्रम विकास केन्द्र नेपाल पाठ्यक्रममा समावेश भएका छन् ।




## पर्दाभित्र...दुईचार कुरा



*अरूणबहादुर खत्री*

नेपाली उपन्यासको फाँटमा गङ्गाप्रसाद भेटवाल देखापरेका छन् । उनको पर्दाभित्र... नामको औपन्यासिक कृति २०८० सालमा प्रकाशित भएको छ । उपन्यास लेखन समकालीन नेपाली साहित्यको लोकप्रिय बिधा बनेको छ । धेरैले पढ्न रूचाउछन् उपन्यास । धेरैले पढ्न रूचाउने बिधा भएकाले केही वर्ष यता थुप्रै औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । साहित्यको बजार नै उपन्यासले तताएको छ भन्दा पनि अत्युक्ति नहोला । यसो भन्नुको आशय यो हैन कि अन्य विधाले हामीलाई तताएका छैनन् । लेखकहरू उपन्यास लेख्न रूचाएका छन् ।

यस उपन्यासमा प्रयोग भएको शैली नौलो र रोचक छ । भाषामा मीठासपत्र छरपष्ट छ । उपन्यासलाई सत्र भागमा विभाजन गरिएका छन् । भाग एकमा गाउँमा १२ कक्षाभन्दा माथि पढ्नका लागि शैक्षिक संस्था नहुँदा वसन्तेको मन उकुसमुकुस हुन थाल्छ । उसको मनमा कुरा खेल्न थाल्छन् र अनेक सम्भावना पनि आउँछन् । तर, त्यत्ति भरपर्दा सम्भावना आएका हुदैनन् । भाग तीनमा रिमरिम उज्यालो नहुँदै वसन्तेलाई निद्राले छोड्छ । धर्मशालामा नै नुहाएर पशुपतिनाथको दर्शन गरी छिट्टै फर्किन्छ । धर्मशालामा प्राय: मान्छेहरू लामो समय बस्दैनन् । आउँछन् केही दिन बस्छन् अनि जान्छन् ।

पर्दाभित्र... उपन्यासले वर्तमान समयका भ्रष्ट, नैतिकहीन, चरित्रहिन व्यक्तिका लुकेका र लुकाइएका अनुहार र कर्मलाई ज्योतिषीबा र वसन्ते पात्रका माध्यमबाट दृष्यजगत्मा उतारेको छ । देशका प्रबुद्ध मानिने विद्वान कानुन व्यवसायी, प्राध्यापक, उच्चपदस्थ अधिकारी, चिकित्सकजस्ता व्यक्तिहरू कतिसम्म निचकार्यमा लागेका हुन्छन् धनसम्पत्तिका लागि मानवतासमेत बेचबिखन गर्न पछि पर्दैनन् भन्ने यथार्थलाई उपन्यासमा चित्रण गरिएको छ । यस उपन्यासको भाग चारमा महँगो गाडीमा एक सेवाग्राही आउँछन् । उनी एकदमै खाइलाग्दा देन्छिन् । चिटिक्क परेका उमेरले पैसट्ठी वर्ष जति भएका अग्ला गोरा विद्वानजस्ता देखिने । सबै प्रक्रिया पूरा गरी आफ्ना समस्या सुनाउन र यसको समाधान खोज्न ज्योतिषी हरिनारायण अगाडि व्यवस्था गरिएको आसनमा बस्छन् । ती व्यक्ति पेसाले वरिष्ठ वकिल हुन्छन् भनिएको छ ।

निम्नमध्यम वर्गीय चरित्र वा पात्रले कर्म र नियतिबाट प्राप्त गरेको धनसम्पत्ति असल वा सत्कर्मबाट भएन भने त्यसले दुखद अवस्थाको सिर्जना गरिदिन्छ भन्दै सत्कर्मबाट मात्रै धन कमाउन उपन्यासले आह्वान गरेको छ । उपन्यासको भाग सातमा फुर्सद हुँदा वसन्ते गौशालाको धर्मशालामा पनि पुग्छ । पशुपतिमा फ्रिमा भोजन गरेको ठाउँमा पनि जान्छ तर, यतिखेर उसलाई भोजन गर्न लाज लागेर आउँछ भनिएको छ । भाग नौमा नेपालको राजधानी शहर काठमाडौं प्राय: जहिले पनि भिडभाड नै हुन्छ । देशभरिका मानिसहरू कुनै न कुनै कामले काठमाडौं आउनुपर्ने कारणबाट पनि यहाँको भिडभाड बढेको सहजै अनुमान गर्न सकिन्छ भनेर गङ्गाप्रसादले लेखेका छन् ।

समाजका हरेक क्षेत्रमा विकृतिले जरो गाडेको र युवाशक्ति देशबाट दैनन्दिन पलायन हुँदै स्थायी रूपमा नै अरू मुलुकमा बस्न जाने क्रम बढेको देखेपछि युवाहरूलाई देशभित्र नै बस्ने वातावरणा सृजना गर्नुपर्छ त्यसका लागि सचेत र स्वस्थ्य युवापुस्ता नै अघि सर्नुपर्छ भन्ने मूल भावको केन्द्रीयतामा यो उपन्यास तयार गरिएको छ । देश रहे हामी रहन्छौ आफ्नो मौलिकता पहिचान र देशप्रेमको भावनालाई अभिव्यक्त गर्दै उपन्यासकारले नेपाली माटो, नेपाली संस्कृति र नेपाली भाषाको एकीकृत रूपलाई नै देश भनेका छन् ।

भाग तेह्रमा प्रौढ शिक्षाको कक्षा दिउँसो एघार बजेदेखि तीन बजेसम्म सन्चालन हुन्थ्यो । यो समय तालिका गृहिणी महिलाहरूकै अनुरोधमा तय भएको थियो । विहान-बेलुका घरको काममा व्यस्त हुनुपरेकाले दिउँसो पढ्नका लागि उपयुक्त पनि थियो भनेर गङ्गाप्रसादले लेखेका छन् । भाग पन्ध्रमा मेरी छोरीका पनि बालबच्चा छन् । तिनीहरू मसँग झुम्मिन्छन् । त्यसबेला मलाई लाग्छ उनीहरूको बाबाको हत्यारा म नै हुँ भनेर लेखिएको छ । समग्रमा यो उपन्यास राम्रै छ । सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाटी अठ्याएपछि अन्त्यसम्म पनि घाटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । यो विशेषता थोरै मात्र साहित्यकारमा पाइन्छ । प्राय: साहित्यकारहरूले कथा वस्तुलाई घुमाएर वा सान्दर्भिक भन्दा भिन्न कुरा लेखेर पुस्तकको पृष्ठ बढाउनमा केन्द्रित भएका हुन्छन् । उपन्यासका शब्दहरू सरल, सहज र अत्यन्त व्यवहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । उपन्यासका सकारात्मक पात्र जो उपन्यासमा समेटिएका छन् ती शुरूदेखि अन्तसम्म कौतुहलता जन्माउन सफल मात्र नभएर एउटा पात्रले अर्को पात्र सामु सानो भएकाले मर्यादाका सुकुमार शब्दहरू पस्केर आदरपूर्वक सम्मान दर्शाउनु अर्को सफल पक्ष मान्न सकिन्छ । भाषा सरल र स्पष्टता रोचक शैलीले यो उपन्यास निकै राम्रो र पढनीय मान्नैपर्छ ।

यस उपन्यासको अन्त्यमा वसन्ते जुरूक्क उठ्छ । विस्तारै दुबै हातका मुठी कस्छ अनि हात माथि उठाउँदै लग्छ आँखा बन्द गर्छ र चिच्याउँछ हो आमा, अब हामी युवाहरू उठ्ने छौ । नेपाल आमा जिन्दावाद भनिएको छ । आधुनिक नेपाली उपन्यासको आरम्भ नै रूद्रराज पाण्डेको रूपमती उपन्यासबाट भएको हो । रूपमतीले अघि सारेको आदर्शउन्मुख यथार्थवादी औपन्यासिक चिन्तन-धारालाई रक्षाले प्रष्टसंग पछ्याएको अनुभूत हुन्छ । अन्त्यमा उपन्यासकार गङ्गाप्रसादले लेखेको यो पर्दाभित्र... नामक उपन्यास सबैले पढिदिनु होला भन्ने अपेक्षा राख्दछु ताकि लेखकलाई साहित्य सिर्जनामा उत्साह मिलोस् । लेखकका अन्य सिर्जना समाजले पाओस्, लाभ उठाओस् ।

पुस्तक: पर्दाभित्र... (उपन्यास)
लेखक: गङ्गाप्रसाद भेटवाल
प्रकाशक: अनुसन्धान विमर्श नेपाल, बागबजार
संस्करण : पहिलो
मूल्य : ३५०।-, पृष्ठ: १८८

# धेरै रगत र आँसुले बनायो सतिसाल सरकार




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np







## बालेनलाई इतिहास निर्माणको अवसर

मुलुकमा परिवर्तन गर्ने अभूतपूर्व अवसर बालेन साह र रास्वपालाई प्राप्त भएको छ। महानगरमा गरेका बालेनका कामले देशभित्र र कूटनीतिक बृत्तमा समेत काम गर्ने मान्छे भन्ने ब्राण्डिङ भइसकेको कारणले पनि जनतामा बालेन साहले आशा जगाएका हुन्। जनतामा पलाएको त्यही आशा पूरा गर्ने जिम्मेवारी फागुन २१ गतेको चुनावमार्फत जनताले दिएका छन्। कम बोल्ने, भाषण सकभर गर्दै नगर्ने, अपार साहस भएका र हक्की स्वभावका बालेन साह प्रधानमन्त्री बनेका छन्। बहुदलदेखि लोकतन्त्र कालको राजनीतिक असफलताले पनि बोल्नेभन्दा काम गर्ने व्यक्तिको आवश्यकता थियो, जुन जनताले चुने, देशले पायो, बालेनलाई अवसर आयो। राजनीतिक दलहरूले नीति, निष्ठा, सिद्धान्त छाडे, नैतिकता गुमाए, भ्रष्टाचारमा डुबे, नाताबादभन्दा बढी केही देखेनन्। यसबाट निराश भएका जनतामा आशा जगाएको छ। सिंहदरवार गाउँपालिकासम्म पुऱ्याउने भनेर पुराना दलहरूले भ्रष्टाचारलाई व्यापक बनाएका थिए। त्यसलाई करेक्शन गरेर बिकासको गति र समान अवसरहरू सिर्जना गर्नुछ। बालेन साहले प्रधानमन्त्रीका रूपमा सरकारी सेवाको विधि, प्रक्रिया, सार्वजनिक प्रशासन, विकासका मोडल, सरकारी काम गर्ने तौरतरिका लगायतका समग्र विषयमा गम्भीर समीक्षा र गर्नुपर्ने परिवर्तनका खाका कोर्न थालिसकेका छन्। बालेन साह र रवि लामिछानेको संयुक्त प्रयासलाई जनताले विश्वासमात्र गरेनन्, जनादेश, मतादेश र समर्थन गरिदिएका छन्। झण्डै दुई तिहाईको बहुमतको सरकार चलाउँदा बालेन साहलाई राम्रो काम गर्ने ठूलो अवसर प्राप्त भएको छ।

अब रास्वपा र बालेन साहको सरकारले २०४६ र २०६३, ६५ सालको परिवर्तनको नाममा नेतातन्त्रको बाहुबलीतन्त्र जसरी रजगज गर्न पुग्यो, त्यो कालादिनहरूलाई बिर्साउने गरी काम गर्नुपर्नेछ। काम गरेरै स्थिरता, शान्ति र समुन्नतिको उज्यालो ल्याउनु छ। बिभेद, निषेध र प्रतिषोधका लेउ, काईलाई कोतरकातर पारेर मिल्काउनुछ। संवाद, सहमति र सहकार्यको राजनीतिक संस्कृति बसाल्नुछ। यही संस्कृतिको माध्यमबाट जति पनि राजनीतिक गिजोलिएका मुद्दाहरू छन्, तिनलाई समाधान दिनुपर्नेछ। गरेन, २०४६ सालको परिवतनपछि केही गर्न सकिएन। २०६३ सालको परिवर्तन र ०६५ सालमा राजतन्त्र किनारा लगाएर पनि केही भएन। दुईपल्टको संविधानसभा, २०७२ मा संविधान जारी गर्दा पनि केही भएन। दुईपल्टको आवधिक निर्वाचनपछि बनेका सरकारहरूले पनि राजनीतिलाई अपराधनीति नै बनाएर अघि बढे। यसकारण जनतामा नैराश्यता व्याप्त हुनपुगेको हो। बुढा पुराना, ठूला दल र नेताहरूले जनअपेक्षालाई कुल्चनेमात्र काम गरे, युवालाई निराशाको अन्धकारमा धकेलिदिए। नेतृत्व परिवर्तन भएको छ, शासन प्रशासनमा परिवर्तन ल्याएर जिम्मेवारी पूरा गर्ने समय, मौका आयो।




लामो समयदेखि देश र जनता छटपटाहटमा थिए। विधिमा चल्ने सतिसालजस्तो सरकार खोजेका थिए। फागुन २१ पछि त्यो चाहना पूरा हुने संकेतहरू देखिन थालेका छन्।

धेरै मान्छे मारिएपछि, धेरै रगत बगेपछि, धेरै आँसु बगेपछि, गजबका दृश्यहरूपछि, सतिसालजस्तो राजनीति सुरू भएको अनुभूति भइरहेको छ।

झापा ५ मा पूर्वप्रधानमन्त्रीलाई बालेन साहले जसरी चुनाव हराए, त्यो गजबको दृश्य थियो। कसैले कल्पनै नगरेको चुनाव परिणाम आयो, रास्वपाले सबै पार्टीलाई कसिङ्गर बढारेझैं बढारिदियो, यो पनि गजबको दृश्य थियो। सरकार गठन भएको १५ घण्टाभित्रै पूर्वप्रधानमन्त्री, पूर्व गृहमन्त्री ओली र लेखकलाई जनतामारा अभियोगमा पक्राउ गरियो, यो ऐतिहासिक दृश्य थियो।

रास्वपाले बालेन साहलाई संसदीय दलको नेता छान्यो, मेयरबाट एक्कैपल्ट प्रधानमन्त्री नियुक्त भए, यो आश्चर्यजनक दृश्य हो। प्रधानमन्त्री भएपछि भाषणा गरेनन्, बोल्दैनन्, हरेक क्षेत्र र अनेक पार्टीका सांसदहरूसँग समस्या र समाधान बुझिरहेका छन्, गजबको दृश्य। सिंहदरवार-मन्त्रीहरूका कार्यालयमा भीड छैन, गजबको दृश्य। प्रधानमन्त्रीले मुख्य सचिव र सबै सचिवहरूलाई एक्कैथलोमा राखेर, सरकारको स्पिडमा काम गर्नोस्, नभए मार्ग प्रशस्त गर्नोस्, सक्नेले गर्छन् भनिदिए, गजबको दृश्य।

रास्वपा र प्रधानमन्त्री बालेन साहले जनताको विश्वास जितेका छन्, जनमत र जनादेश पाएका छन्। त्यही जनविश्वास र जनादेशका आधारमा बालेन साहले परिवर्तन गर्ने भीष्म अठोट लिएका छन्। त्यही अठोटको परिणाम हो- भ्रष्टाचारीविरूद्धको घण्टी बज्नु। बालेन साह सरकारले आफू सतिसाल भएर खडा भएको सूचना दिएको छ।

राजनीतिक अपराधको लामो श्रृङ्खलापछि लाग्छ धर्मयुद्धको सुरूआत भएको छ। राजनीति गर्नेहरूले गर्नु नगर्नु, असह्य हुनेगरी राजनीतिक अपराध गरेका थिए। नैतिक राजनीति, नैतिक समाज हुन्न भने कानुनव्यवस्था नाङ्गिएको हुन्छ। भ्रष्टाचारी, अपराधी, नैतिकहरू छाडा भएका हुनछन्। स्थापित राजनीति, शासनव्यवस्था देश र जनताप्रति बेइमान बनेकाले तिनीहरूलाई दण्डित गर्नैपर्छ, तवमात्र सभ्य राजनीति र संस्कृतिको सुरूआत हुनसक्छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

यतिबेला समाजका अगुवा, विचारक, नागरिक समाज, राजनीति, शासक र प्रशासक सबैतिर जिम्मेवारी लिने र जवाफदेही हुने मान्यता खलबलिएको छ। बालहत्या, बलात्कार, भूमाफिया, कमिशनतन्त्र, भ्रष्टाचारका अनेक घटनाक्रमका दोषीमाथि कारवाही नै हुँदैन। कानुन खोक्रो लाग्छ, प्रशासन कर्मकाण्डी देखिन्छ, स्थिति बिस्फोटक र अराजक छ, यो स्थितिलाई विधिले बाँध्न जरूरी छ। शान्ति र समृद्धि जनआशा हो। जनआशा पूरा गर्नुपर्छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

आन्तरिक एकता बलियो थियो, बाह्य असंलग्न र पञ्चशीलको नीति मजबुत थियो। नेपाल शान्तिक्षेत्रका रूपमा परिचित थियो। बुद्धको महत्व बढेको थियो। विश्व र प्रत्येक मानिसमा असन्तुष्टि र तनाव बढ्दो छ, यो तनावलाई साम्य पार्न पनि बुद्धको जन्मभूमिको महिमा बढाउन सकिन्थ्यो। सगरमाथाको सुन्दरता, प्रकृतिको बास भएको मुलुकमा प्रकृति देखाएर, बुद्धत्व जगाएर देश र जनतामा खुशहाली ल्याउने आर्थिक उन्नति गर्न सकिन्थ्यो। बहुदल बहुलाजस्तो बनेर सकियो, लोकतन्त्र जोकतन्त्र बन्यो। बौद्धिक समाजसमेत अवसरवाद र स्वार्थको दास मनोबृत्तिमा रमाउन थालेपछि देश लथालिङ्ग भताभुङ्ग हालतमा पुगेको हो। वीरको देश, पुर्खाको वीरताले निर्माण गरेको देशमा विधिको लक्ष्मणरेखा खिच्नैपर्छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

पञ्चायतले बिगाऱ्यो, राजतन्त्रले सिध्यायो, पञ्चायत र राजतन्त्र फालेपछि नेपाल उज्यालो हुन्छ, समानता र न्यायपूर्ण समाज आउँछ, सर्वहाराले सुखैसुख पाउँछन्, गरीवसँग गाँस बास कपास हुनेछ। सबै समस्या समाधान हुनेछन्, देशमा उज्यालै उज्यालो हुनेछ भनेर सपना बाँडियो। बहुदलको कालखण्ड कालरात्रि बनेर सकियो, त्यसपछि लोकतन्त्र आयो, गणतन्त्र आयो, पञ्चायतपछि राजतन्त्र र हिन्दुराष्ट्र समाप्त पारियो, लोकतन्त्रको १७ वर्ष औंशीको रातजस्तो अँध्यारोमात्र भयो। उज्यालो कतै देखिएन। जति पनि लोकतान्त्रिक, गणतान्त्रिक नेता हुँ भन्थे, ती सबै कुनै नै कुनै नातावाद, भ्रष्टाचार, अपराध, नीति-सिद्धान्तहीन, नैतिकहीन सावित भए। देश र जनता हुनै नहुने नेतातन्त्रको बाहुबलीतन्त्र भोगिरहेको छन्। बाहुबलीतन्त्रको ठाउँमा बिधितन्त्र, न्यायपूर्ण समाज स्थापना गर्नुछ।

यसकारण धर्मयुद्धको खाँचो छ।

शहिदले छातीमा तातो गोली थापेर परिवर्तन ल्याएका थिए। राज्यले शहिद बनाउने क्रम रोकेन। गत भदौ २३ र २४ गते त निरंकूश लोकतन्तवादीहरूले बालबालिकाहरूलाई समेत शहीद बनाए। नरसंहारकारी नेताहरूको जुन बेहाल भदौ २४ को बिद्रोह र फागुन २१ को निर्वाचनमा देखियो, यसबाट जनताको विवेक र वीरता एकपल्ट फेरि शिद्ध हुनपुगेको छ। जनताको फागुन २१ को चुनावमा जुन मौन आक्रोश परिणाममा देखियो, यसबाट लोकतन्त्र, गणतन्त्रको १७ वर्षे कालखण्ड र बहुदलपछिको ३७ वर्षको अवधिमा जो जो सत्तामा पुगेका थिए, तिनले बाँचुन्जेल जुका बनेर देश र जनताको रगत त चुसे, ढाडिए, मर्दा तिनले मलामी पनि पाउने सम्भावना देखिदैन। यस्ता राजनीतिक अपराधीलाई राजनीतिमा फर्कनै नसक्नेगरी राजनीतिबाट डाँडा कटाउनुछ।

यसकारण धर्मयुद्धको खाँचो छ।

कुनै नेता मर्दा जनताले आँसु बगाउन्, श्रद्धाले फूल चढाएर श्रद्धाञ्जली दिउन्, त्यस्ता नेता ०४६ सालपछि एक्का दुक्कामात्र देखिए। जसलाई जनताले श्रद्धा गर्छन्, ती हुन्छन्- राजनेता। नेपालमा भ्रष्ट नेता धेरै भए, राजनेता बन्न कोही तैयार भएनन्। यसकारण त विदेशीले नेपाली नेताहरूलाई ‘फ्रड’ भनेर घृणा गरेका हुन्। लोकतन्त्रको पाखण्डले अति गऱ्यो, रत्नाकर पार्टी पार्टीमा कति छन् कति, कुनै पनि रत्नाकर नेता बाल्मिकी बन्न प्रेरित भएनन्। रत्नाकरहरूलाई जनताले पटक पटक दूध पिलाए, रत्नाकरहरूले दूध होइन, जनताको रगत नै चुसे। जुकालाई मिल्काउनु थियो, मिल्काए। अवस्था सुधार्नु छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

देश ब्रम्हनालमा पुगिसकेको थियो। देशको अस्तित्व संकटमा पार्ने यिनै लोकतन्त्र र गणतन्त्रवादी थिए। यिनलाई जनताले सहनु सहे, दिनसम्म अवसर दिएकै हुन्। ०४६ सालदेखिको बहुदल र लोकतन्त्रकालमा पटक पटक चुनाव जिताएर अव त केही गर्छन् कि, अव त सुध्रिएलान् कि भनेर मौकापछि मौका दिएकै हुन्। मौकालाई यी नेताहरूले स्वार्थशिद्ध गर्न चौका हाने। देशघातक, जनविश्वास घातक बनेर पनि जनताबाट अझै समर्थन र सहयोग खोज्नेहरूलाई फागुन २१ मा जनताले मतादेशबाट दण्डित गरिदिएका छन्। तैपनि यी नेताहरू आफूलाई मरेको अनुभव गर्दैनन्। राजनीतिमा मरिसकेपछि पनि जिउँदै छु भन्ठान्नेहरू आफै सपनामा छन्। यिनको होस ठेगानमा ल्याउन तिमीहरू कलंकित भइसक्यौ भन्ने बुझाउन र मान्छे जिउँदै पनि मर्नसक्छ, मरेको जुनी हुन्छ भन्ने हेक्का दिलाउनुपर्छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

इतिहासमा तक्षशीला समेत जितेका चक्रवर्ती राजा थिए अशोक। अन्तमा उनी लुम्बिनीमा आएर भिक्षु बने, अशोक स्तम्भ ठड्याए र बुद्धम् शरणम् गच्छामी भन्ने भजन गाउन थाले। बहुदल र लोकतन्त्र गणतन्त्रका शासक प्रशासकहरूले सम्पत्ति जिते, स्वार्थ जिते। अन्तमा जनताको घृणा भोग्नुपऱ्यो। नेपालीको मनले सराप्यो, नेपालीको आत्माले सराप्यो। यी नेताहरू नेता होइनन्, देश र जनताप्रति गद्धार हुन्। राजनीतिका अपराधी हुन्, जनताबाट श्रापित छन्। यी श्रापित हुन् भनेर यिनैलाई देखाउन जरूरी छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

राजनीति गर्ने वा जुनसुकै सचेत नागरिकले बुझ्नैपर्ने सत्य हो- स्वाभिमानले बाँच्छ देश। स्वाभिमानले उठ्छ नागरिक। देशलाई महाभारतको द्रौपदीको चीर हरण गर्ने दुर्योधनहरू जनताको नजरमा दयनीय छन्। सम्भ्रान्त बन्नका लागि आफैलाई गिराउनेहरूले बुझ्नैपर्छ, स्वराजको मूल्य पद, पैसा र प्रतिष्ठा होइन। पुर्खा र पुस्ताले सराप्ने यिनको कर्म कौरव कर्म हो। दुशासन चरित्र हो। नेपाली देशभक्त रहेछन्, फागुन २१ गते जनताले स्वराज बचाउने सुरूआत गरेका छन्। यो स्वराजलाई उज्यालो राज बनाउनु छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

बहुदल त कालरात्रि बनिहाल्यो, त्यसपछि अग्रगमनको छलाङ भन्दै ल्याइएको लोकतन्त्र-गणतन्त्रका शासक प्रशासकहरू राजनीतिक पातक बनेर देश र जनतामाथि घातक प्रहार गरिरहे। ७ वर्ष अघि नै भारतले नेपाली भूमि कालापानी, लिपुलेक, लिम्पियाधुरालाई भारतको नक्सामा हाल्यो, भारतीय भूमि भन्यो। पातक राजनीति र घातक प्रशासन जिब्रो तालुमा टाँसेर बसिरहे। उत्तर र दक्षिणको प्रभाव बढ्दो छ, पश्चिमाको चक्रव्यूह पनि चलेकै छ। नेपाल चक्रव्यूहको अभिमन्यू बनेर मर्न सक्दैन। चक्रव्यूह चिर्न नेतागणले नसके जनताको राष्ट्रवादले चिर्छ। नेपाली जनता साह्रै राष्ट्रवादी छन्। जबसम्म नागरिकमा राष्ट्रवादको चेत रहन्छ, राष्ट्र जिवन्त भइरहन्छ। हो, नेताहरूले बाटो बिराउँदा केही समय राष्ट्र छायाँमा पर्नसक्छ, मूल्य चुकाउनुपर्छ।

यसकारण धर्मयुद्धको खाँचो छ।

एउटा बिस्फोट भदौ २३ र २४ मा भयो। अर्को बिस्फोट फागुन २१ को निर्वाचनमा भयो। तेश्रो विस्फोट जनादेश र मतादेशले बनेको सरकारले गर्नुपर्छ। नेपालीको इतिहास गोर्खाली इतिहास हो। धारिलो खुकुरीको इतिहास हो। जनताले निकै भर गरेर बनेको यो सरकारले जनआशा पूरा गरेगर्छ, नगरे जनताको वीरताको खुकुरी फेरि चम्किनेछ। जनता जागेका छन्, नयाँ पुस्ता जागेको छ। यो जागरण नेपाल राष्ट्र जिवन्त छ भन्ने ज्यूँदो प्रमाण हो। यही प्रमाणले नेपाल बनाउनु छ। अस्तित्व बचाउनुछ। अहिलेलाई यत्ति भनौं- जनयुद्ध पूरा भयो, धर्मयुद्धको खाँचो छ।






# फेरि फर्कियो बर्ड फ्लू : सतर्क रहनुहोस्, सुरक्षित रहनुहोस्



डा. केदार काकी

नेपालमा फेरि बर्डफ्लु संक्रमण पुष्टि भएको छ । मोरङ जिल्लाको ग्रामथान -१ खुनियाकट्टा र बुढिगंगा ९५ मा बर्डफ्लू देखिएको पशु सेवा विभागले पुष्टि गरेको हो । कुखुरामा फेला परेको बर्डफलू रोग (एच फाइभ एन वान) पुष्टि भएको पशु सेवा विभागले जनाएको छ ।मोरङको उर्लाबारी-८ स्थित अठियाबारी कृषि फर्म प्रालिमा फैलिएको एचफाइभ एनवान (बर्ड फ्लु) संक्रमणले एक सफल कृषकको वर्षौंको मेहनत एकैचोटि ध्वस्त बनाएको छ । उच्च संक्रामक मानिने उक्त रोगका कारण फार्ममा पालिएका कुखुरामा संक्रमण पुष्टि भएपछि ठूलो क्षति भएको हो । संक्रमण फैलिनासाथ करिब ८ हजार कुखुरा मरे भने बाँकी रहेका १८ हजार कुखुरा पनि सुरक्षाका लागि नष्ट गरियो । यससँगै १४ हजार ७ सय अण्डा र करिब ६ हजार केजी दाना समेत नष्ट गरिएको छ । प्रारम्भिक अनुमानअनुसार यो घटनाबाट २ करोड रूपैयाँभन्दा बढीको आर्थिक क्षति पुगेको छ ।भारतको केरलाबाट आएको खबरले चरापालक र मांसाहारी प्रेमीहरूको चिन्ता बढाएको छ । राज्यका दुई प्रमुख जिल्लाहरू, अलाप्पुझा र कोझिकोडमा खतरनाक बर्ड फ्लू (एच५एन१) पुष्टि भएको छ । सरकारले तुरून्तै कारबाही गर्दै २०,००० भन्दा बढी घरपालुवा चराहरूलाई मार्ने आदेश दिएको छ । चेन्नईका धेरै क्षेत्रहरूमा १,५०० भन्दा बढी कागहरूको मृत्यु भएको रिपोर्ट आएको छ, जसले गर्दा अधिकारीहरू उच्च सतर्कतामा रहन बाध्य छन् । बर्ड फ्लूको पुष्टि भएपछि, केन्द्र सरकारले स्थानीय अधिकारीहरूलाई अवस्थाको निगरानी गर्न निर्देशन दिएको छ । यो खतरनाक भाइरसले सामान्यतया चराहरूलाई लक्षित गर्दछ, तर अब यसले मानिसहरूलाई पनि आक्रमण गर्न थालेको छ ।

एच५एन१ भाइरस एक संक्रामक र घातक भाइरस हो, जसलाई सामान्यतया एभियन इन्फ्लुएन्जा वा बर्ड फ्लू भनिन्छ । यसले मुख्यतया चराहरूलाई असर गर्छ, तर केही परिस्थितिहरूमा मानिस र अन्य जनावरहरूमा फैलिन सक्छ । सन् १९९७ मा हङकङमा कुखुराहरूमा फैलिएको प्रकोपको समयमा यो पहिलो पटक मानिसहरूमा पहिचान गरिएको थियो । एच५एन१ को मानव केसहरू दुर्लभ भए तापनि, संक्रमित चराहरूसँग सम्पर्कमा रहेका व्यक्तिहरूमा संक्रमण हुने सम्भावना बढी हुन्छ । संयुक्त राज्य अमेरिकाले २०२४ देखि बर्ड फ्लूको निरन्तर मानव केसहरू रिपोर्ट गरेको छ ।

एच५एन१ इन्फ्लुएन्जा प्रकार ए भाइरसको उपप्रकार हो । यो प्राकृतिक रूपमा जंगली पानी चराहरू (जस्तै हाँस र गिज) मा पाइन्छ । यद्यपि जंगली चराहरू प्रायः बिरामी हुँदैनन्, जब भाइरस कुखुरा र हाँस जस्ता घरेलु चराहरूमा फैलिन्छ, यो अत्यन्त घातक हुन सक्छ । आश्चर्यजनक रूपमा, बर्ड फ्लूले कुखुरा, हाँस र टर्की जस्ता घरेलु कुखुराहरूलाई मात्र असर गर्दैन, तर जंगली र प्रवासी चराहरू मार्फत पनि फैलिन सक्छ । केही अवस्थामा, मानिसहरू पनि संक्रमणको जोखिममा हुन्छन् । त्यसैले, यसलाई रोक्नको लागि यो रोग बुझ्नु महत्त्वपूर्ण छ ।

यो भाइरस चराहरूमा उनीहरूको र्‍याल, नाकको स्राव र दिसाको सम्पर्कबाट फैलिन्छ । मानिसमा सर्ने मुख्य कारणहरूमा संक्रमित चराहरूसँगको सम्पर्क समावेश छ ( जीवित वा मृत संक्रमित चराहरूलाई छुनुस् चराको दिसा वा प्वाँख छरिएको क्षेत्रहरूमा भ्रमण गर्नुस् र संक्रमित चराहरूको काँचो वा कम पकाएको मासु र अण्डा खानु । मानिसबाट मानिसमा सर्ने - यो धेरै दुर्लभ छ, तर संक्रमित व्यक्तिको नजिक हुनुहुन्छ भने यो सम्भव हुनसक्छ ।

क्लिभल्याण्ड क्लिनिकका अनुसार, बर्ड फ्लू (एभियन इन्फ्लुएन्जा) एक प्रकारको इन्फ्लुएन्जा भाइरसबाट हुने संक्रमण हो जुन सामान्यतया चराहरू र अन्य जनावरहरूमा फैलिन्छ । कहिलेकाहीं, संक्रमित जनावरहरूले मानिसहरूमा बर्ड फ्लू सार्न सक्छन् । सामान्य फ्लू जस्तै, बर्ड फ्लूले तपाईंलाई गम्भीर रूपमा बिरामी बनाउन सक्छ । बर्ड फ्लू एक प्रकारको इन्फ्लुएन्जा ए भाइरसको कारणले हुन्छ, जुन मानिसहरूमा प्रायः एच५एन१ हुन्छ । यो भाइरसले तपाईंको माथिल्लो श्वासप्रश्वास प्रणाली र फोक्सोलाई संक्रमित गर्न सक्छ र कहिलेकाहीँ शरीरका अन्य भागहरू जस्तै मस्तिष्कमा फैलिन सक्छ ।

एभियन इन्फ्लुएन्जामा विभिन्न प्रकारका प्रजातिहरू समावेश छन्, जसमध्ये केहीले मानिसहरूलाई जोखिम निम्त्याउन सक्छन् । बर्ड फ्लूका धेरै प्रजातिहरूले सामान्यतया मानिसहरूलाई संक्रमित गर्दैनन्, तर एच५एन१, एच७एन(, एच५एन६, र एच५एन८ जस्ता केही प्रजातिहरूले हालका वर्षहरूमा चिन्ता बढाएका छन् । यी प्रजातिहरू सामान्यतया एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै फैलिँदैनन् । यसको बावजुद, धेरै देशहरूमा मानिसहरूमा संक्रमण रिपोर्ट गरिएको छ, जसले गर्दा मृत्युदर उच्च छ । उदाहरणका लागि, एच५एन१, एच७एन,र एच५एन६ ले विश्वभर धेरै मृत्यु निम्त्याएको छ ।

यद्यपि, यो व्यक्तिबाट व्यक्तिमा फैलिन अत्यन्तै दुर्लभ छ । यो चिन्ताको विषय बनेको छ किनकि २०२४ देखि संयुक्त राज्य अमेरिकामा मानव संक्रमणका घटनाहरू निरन्तर रिपोर्ट गरिएका छन् । बर्ड फ्लू, वा एभियन इन्फ्लुएन्जाले मुख्यतया चराहरूलाई असर गर्छ तर अब मानिसहरूमा पनि यो पाइन्छ । संयुक्त राज्य अमेरिकामा हालै एक बिरामीको गम्भीर एभियन इन्फ्लुएन्जा ए बाट मृत्यु भएको छ, जुन बर्ड फ्लूबाट पहिलो मृत्यु हो । संयुक्त राज्य अमेरिकामा बर्ड फ्लूको प्रकोपको बढ्दो संख्या चिन्ताको कारण बन्दै गएको छ । टेक्सास बायोमेडिकल रिसर्च इन्स्टिच्युटका अनुसन्धानकर्ताहरूले टेक्सासमा एक व्यक्तिमा पाइने बर्ड फ्लूको स्ट्रेनमा नौ उत्परिवर्तनहरू पहिचान गरे । यी उत्परिवर्तनहरूले भाइरसको रोग निम्त्याउने क्षमतामा योगदान पुर्‍याउँछन्, जसले गर्दा मस्तिष्कमा दोहोरिने क्षमता बढ्छ र रोगको गम्भीरता बढ्छ ।

नेपालमा पनि बर्ड फ्लूका धेरै घटनाहरू रिपोर्ट गरिएका छन् । यसले भाइरसको मानिसबाट मानिसमा सर्ने सम्भावना र थप मृत्युको जोखिमको बारेमा व्यापक चिन्ता बढाएको छ । यद्यपि, स्वास्थ्य विज्ञहरूले यस घातक भाइरसको फैलावट रोक्नको लागि आवश्यक सावधानी अपनाउन मानिसहरूलाई जागरूकता जगाइरहेका छन् र सल्लाह दिइरहेका छन् । यो मुद्दा चिन्ताको विषय बनेको भए तापनि, हाल प्रयोगमा रहेका एन्टिभाइरल उपचारहरू यस प्रजाति विरूद्ध प्रभावकारी छन् ।

मानिसमा हुने बर्ड फ्लूका लक्षणहरूमा नेत्रश्लेष्मलाशोथ (आँखाको संक्रमण), ज्वरो, थकान, खोकी, मांसपेशी दुख्ने, घाँटी दुख्ने, वाकवाकी लाग्ने र बान्ता हुने, पखाला लाग्ने, नाक बन्द हुने वा बग्ने, र सास फेर्न गाह्रो हुने (डिस्प्निया) समावेश छन् ।

केही अवस्थामा, लक्षणहरू बिग्रन सक्छन् र यसमा समावेश छन्-

पखाला लाग्ने, लगातार वाकवाकी लाग्ने, पेट दुख्ने, सास फेर्न गाह्रो हुने र निमोनिया हुने । नाक र गिजाबाट रगत बग्ने, नेत्रश्लेष्मलाशोथ र गुलाबी आँखा, छाती दुख्ने, व्यवहार र सोचमा परिवर्तन आउने, र गम्भीर अवस्थामा, दौरा लाग्ने ।

एच५एन१ को गम्भीर अवस्थामा श्वासप्रश्वास विफलता र मृत्यु जस्ता धेरै जटिलताहरू निम्त्याउन सक्छ । यदि यी मध्ये कुनै पनि लक्षण देखा परेमा, तिनीहरूलाई रोक्नको लागि डाक्टरसँग परामर्श गर्नु महत्त्वपूर्ण छ ।

विश्वव्यापी रूपमा बर्ड फ्लूका केही हालसालैका घटनाहरू यस प्रकार छन् ।

फेब्रुअरी २०२१ मा, रूसले एच५एन८ स्ट्रेनको पहिलो मानव केसहरू रिपोर्ट गरेको थियो ।जनवरी २०२५ सम्ममा, संयुक्त राज्य अमेरिकाले २)२४ देखि एच५एन१ को ६६ मानव केसहरू पुष्टि गरिसकेको थियो, जसले २०२२ देखि कुल ६७ पुगेको थियो । भारतले २०२४ मा एभियन इन्फ्लुएन्जा ए (एच(एन२)) को दुई र २०१० मा एक केस रिपोर्ट गरेको थियो । जुन २०२४ मा, पश्चिम बंगालमा एक ४ वर्षीय बच्चा एच( एन२ बाट संक्रमित भएको थियो तर पूर्ण रूपमा निको भयो ।

भाइरस पहिलो पटक २००३ मा भियतनाममा पहिचान गरिएको थियो । त्यसपछि, एशिया, युरोप, अफ्रिका र मध्य पूर्वमा एभियन इन्फ्लुएन्जा प्रकोप र मृत्यु रिपोर्ट गरिएको छ । विश्व स्वास्थ्य संगठनले अब एच५ एन१ को (५) भन्दा बढी मानव केसहरू दस्तावेज गरेको छ । यी मध्ये लगभग आधा मानिसहरूको मृत्यु भएको छ, जसले भाइरसको बारेमा गम्भीर चिन्ता व्यक्त गर्दछ ।

हालै, संयुक्त राज्य अमेरिकामा दुग्धजन्य गाईहरूमा एच५ एन१ बर्ड फ्लू भाइरस फैलिएको खबर व्यापक रूपमा फैलिएको थियो । त्यसपछि, गाईहरूसँगै बस्ने एक जना मानिसमा पनि भाइरसको संक्रमण पुष्टि भयो । यसले फेरि एक पटक एभियन फ्लू कोरोनाभाइरस महामारी जस्तै हुन सक्ने डर बढायो । यो भाइरसले कुखुराबाट मानिसमा विरलै सर्छ । मानिसबाट मानिसमा सरेको छैन ।

धेरैजसो एभियन इन्फ्लुएन्जा भाइरसले मानिसमा रोग निम्त्याउँदैनन् । यद्यपि, अत्यधिक संक्रामक एआई भाइरसहरूको व्यापक निरन्तरताले कुखुराबाट मानिसमा सर्ने जोखिम निम्त्याउँछ, र यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै फैलिएमा यो अझ चिन्ताजनक हुन सक्छ । यस्तो उत्परिवर्तनले महामारी (विश्वव्यापी रूपमा फैलिने) निम्त्याउन सक्छ । त्यसकारण, हामी जोखिमहरू बारे सचेत हुनुपर्छ र इतिहासबाट सिक्नुपर्छ । पहिलो महामारी, स्पेनिश फ्लू, १९१८ र १९१९ को बीचमा भएको थियो र यसले विश्वभर सबैभन्दा धेरै मृत्यु निम्त्यायो, सायद ५ करोड जति, पहिलो विश्वयुद्धको मृत्युको संख्या भन्दा बढी । दोस्रो महामारी, एसियाली फ्लू भनेर चिनिने, ४० वर्ष पछि (१९५७-१९५८) भयो र विश्वभर लगभग दस लाख मृत्यु भयो ।

तेस्रो र सबैभन्दा पछिल्लो महामारी एक दशक पछि, १९६८ र १९६९ को बीचमा देखा पर्‍यो, जसलाई हङकङ फ्लू (एच३एन२० भनेर चिनिन्छ । यो पहिलो पटक १९६८ को सुरुमा हङकङमा पत्ता लागेको थियो र यसले लगभग दस लाखको मृत्यु भएको अनुमान गरिएको छ ।

विश्व स्वास्थ्य संगठनबाट उपलब्ध जानकारी अनुसार, एच५ एन१ भाइरस धेरै छिटो प्रतिकृति बनाउँछ । यो अन्य भाइरसहरूसँग आफूलाई जोड्छ र यसको आरएनए (रिबोन्यूक्लिक एसिड) छोड्छ । त्यसैले, यो भाइरसको गतिविधिको निरन्तर निगरानी गर्नु महत्त्वपूर्ण छ । यद्यपि, महामारी फैलिने सम्भावना धेरै कम छ ।

यो संक्रमणको निदान गर्न, डाक्टरहरूले इन्फ्लुएन्जा एरएच ५ ( एसियाली वंश) भाइरसको लागि वास्तविक(समय आरटी-पीसीआर परीक्षण गर्छन् । त्यसपछि उपचार सुरू गरिन्छ । धेरैजसो अवस्थामा, ओसेल्टामिभिर र जानामिभिर जस्ता एन्टिभाइरल औषधिहरूले रोगको गम्भीरता कम गर्न मद्दत गर्न सक्छन् । यद्यपि, लक्षणहरू सुरू भएको ४८ घण्टा भित्र लिँदा यी औषधिहरू सबैभन्दा प्रभावकारी हुन्छन् ।

धेरै भ्रम र गलत धारणाहरू छन् जसलाई हटाउनु र उचित सावधानी अपनाउनु आवश्यक छ । एउटा गलत धारणा भनेको कुखुरा वा अण्डा खाँदा बर्ड फ्लू फैलिन सक्छ । राम्रोसँग पकाएको कुखुरा वा अण्डा खाँदा बर्ड फ्लू भाइरस मानिसमा सर्छ भन्ने कुनै प्रमाण छैन । बर्ड फ्लू भाइरस गमीप्रति संवेदनशील हुन्छ । सामान्य खाना पकाउने तापक्रम (खानाको सबै भागहरूको लागि ७० डिग्री सेल्सियस) ले भाइरसलाई मार्नेछ । उपभोक्ताहरूले सबै कुखुरा राम्ररी पकाएको (गुलाबी भाग नभएको) र अण्डा राम्ररी पकाएको (पातलो पहेंलो भाग नभएको) सुनिश्चित गर्नुपर्छ । काँचो कुखुरा वा काँचो कुखुरा उत्पादनहरू ह्यान्डल गर्दा, भान्सेहरूले आफ्नो हात राम्ररी धुनुपर्छ र क्रस-दूषित हुनबाट बच्न कुखुरा उत्पादनहरूसँग सम्पर्कमा आउने सतहहरू सफा र कीटाणुरहित गर्नुपर्छ । कुखुराको रोग फैलिरहेको क्षेत्रहरूमा, काँचो अण्डालाई थप तातो उपचार नगरिने खानाहरूमा प्रयोग गर्नु हुँदैन, जस्तै सही तापक्रममा खाना पकाउने वा बेक गर्ने । बर्ड फ्लू, जोखिम कसरी कम गर्ने ? संक्रमणबाट बच्न चराहरू, विशेष गरी कुखुराहरूसँग नजिकको सम्पर्कबाट बच्नुहोस् ।अण्डा सहित सबै कुखुरा उत्पादनहरू खानु अघि राम्ररी पकाएको सुनिश्चित गर्नुहोस ।सरसफाइ कायम राख्न, साबुन र पानीले आफ्नो हात राम्ररी धुनुहोस् ।यदि तपाईं चराहरूको वरिपरि बस्नुहुन्छ भने, तिनीहरूको सम्पर्कमा आउन सक्ने सतहहरू नियमित रूपमा सफा र कीटाणुरहित गर्नुहोस । एभियन इन्फ्लुएन्जा बारे सचेत रहनुहोस् र यसको बारेमा जानकारी राख्नुहोस् । भाइरसको फैलावट रोक्न मद्दत गर्न कुनै पनि बिरामी वा मरेका चराहरूलाई स्थानीय अधिकारीहरूलाई रिपोर्ट गर्नुहोस् । एच५एन१ बर्ड फ्लूको जोखिम कम गर्न खोप लगाउनुहोस । एच५एन१ बर्ड फ्लू फैलिरहेको छ, त्यसैले जटिलताहरूबाट बच्न सतर्क रहनु र यी सावधानीहरू पालना गर्नु महत्त्वपूर्ण छ । यदि तपाईंले कुनै लक्षणहरू अनुभव गर्नुभयो भने, डाक्टरसँग परामर्श गर्न निश्चित हुनुहोस् ।

बर्ड फ्लू छिटपुट रूपमा मानिसमा फैलिएको छ । मानिसमा एभियन इन्फ्लुएन्जा भाइरसको संक्रमण हल्का माथिल्लो श्वासप्रश्वास नलीको संक्रमणदेखि लिएर गम्भीर रोगहरूसम्म हुन सक्छ, र घातक पनि हुनसक्छ । नेत्रश्लेष्मलाशोथ, ग्यास्ट्रोइंटेस्टाइनल लक्षणहरू, इन्सेफलाइटिस र इन्सेफ्यालोप्याथी पनि रिपोर्ट गरिएको छ । मानिसहरू बीच संक्रमण सामान्य छैन, तर जब यो हुन्छ, मृत्युदर ५० प्रतिशतभन्दा बढी हुन सक्छ । कोभिडको गम्भीर प्रकारहरूमा पनि, मृत्युदर लगभग ३ प्रतिशत थियो । त्यसैले यो भाइरसको संक्रमणलाई कोभिड भन्दा बढी घातक मानिन्छ । यो भाइरसलाई रोक्न असम्भव छ किनभने यो विगत २८ वर्षदेखि रहेको छ ।

डब्ल्यूएचओ का अनुसार, मानिसहरूले जीवित पशु बजाररफार्म जस्ता उच्च जोखिमयुक्त वातावरण र जीवित कुखुरा वा कुखुराको मलले दूषित हुन सक्ने सतहहरूसँगको सम्पर्कबाट बच्नुपर्छ । बारम्बार हात धुने वा अल्कोहलआधारित ह्यान्ड सेनिटाइजरको प्रयोग गरेर राम्रो हातको स्वच्छता कायम राख्नु पनि महत्त्वपूर्ण छ । जोखिममा रहेका व्यक्तिहरूमा रोग वा अप्रत्याशित जनावर र चराहरूको मृत्यु ( बर्ड फ्लू) को बारेमा तुरून्तै अस्पतालमा रिपोर्ट गर्नुपर्छ ।

बिरामी वा अप्रत्याशित रूपमा मरेको कुखुराको सेवनबाट बच्नुपर्छ । बर्ड फ्लू विरूद्धको सबैभन्दा राम्रो हतियार सावधानी हो । चराहरूसँग सम्पर्क गरेपछि साबुन र पानीले हात राम्ररी धुनुहोस । मासु र अण्डालाई कम्तिमा ७) डिग्री सेल्सियसको तापक्रममा राम्ररी पकाएर मात्र खानुहोस् । पकाएको मासु रातो हुनुहुँदैन । नजिकै मरेको चरा देख्नुभयो भने, त्यसलाई नछुनुहोस् र तुरून्तै स्थानीय पशुपालन विभागलाई जानकारी दिनुहोस् । कुखुरा फार्म वा चरा बजार जाँदा मास्क र पन्जा लगाउनुहोस् ।

समग्रमा, हामी चराचुरूङ्गी र जंगली जनावरहरू सहित मानव र जनावर दुवैको लागि एक स्वास्थ्य कार्यक्रम तर्फ अगाडि बढ्दै जाँदा, जुनोटिक रोगहरूको राम्रो व्यवस्थापन गर्न, हाम्रा नागरिकहरूलाई बर्ड फ्लू जस्ता जुनोटिक रोगहरूको बारेमा शिक्षित गर्नु महत्त्वपूर्ण छ, चाहे तिनीहरूले पशुरकुखुराको उत्पादनहरू खाए वा नखाए । यद्यपि बर्ड फ्लू एक संक्रामक जुनोटिक रोग हो, आत्तिनु पर्दैन, किनकि पशु र मानव स्वास्थ्य विज्ञानमा भएको प्रगति, द्रूत पोइन्ट अफ केयर निदान उपकरणहरूले संक्रमणको स्रोतको प्रारम्भिक पहिचान र उन्मूलनको लागि मार्ग प्रशस्त गर्नेछ । यद्यपि, यसो भनिसकेपछि, हामी सन्तुष्ट हुनु हुँदैन र जागरूकता बढाउन र रोकथामका उपायहरू अपनाउनमा ध्यान केन्द्रित गर्न जारी राख्नुपर्छ ।

स्वास्थ्य र सरसफाइ उपायहरूसँग सम्बन्धित मानक सञ्चालन प्रक्रियाहरूको बारेमा जागरूकता बढाउन र तिनीहरूलाई सावधानीपूर्वक कार्यान्वयन गर्न आम जनता लगायत सबै सरोकारवालाहरूको सानो प्रयासले मानिस र चराहरूलाई हुने कुनै पनि हानीबाट बच्न मद्दत गर्नेछ ।

# फोहोर सफा गर्न खोज्दा शेयर बजारमा पहिरो



रिसव गौतम

निर्वाचान हुने सुनिश्चित भएपछि शेयर बजार एक्कासी ४७.५५ अंकले बढेको थियो । फागुन २१ गतेको निर्वाचनमा नयाँ भनिएको र 'जान्नेलाई छान्ने' नारा सहित घण्टी चिन्ह लिएर निर्वाचनमा होमिएको दल रास्वपाले करिव दुई तिहाइ (१८२ सीट) बहुमत ल्यायो । निर्वाचनपछि खुलेको बजारले त झन् भावी प्रधानमन्त्री बालेन्द्र शाहलाई अघि सारेको रास्वपाको जितलाई एकैदिन ३ हल्ट हानेर स्वागत गर्यो । बजार एकैदीन ६ प्रतिशत अर्थात १६२ अंकले बढयो । त्यसपछि १३ गते नयाँ सरकार बनेपछिको ४ कारोबार दिनमा भने बजार १७४ अंकले घटिसकेको छ र लगानीकर्ता निराश छन् । दुई तिहाइ बहुमत प्राप्त सरकार बनेपछि बजार घट्नु दुई वटा कारण महत्वपुर्ण देखिन्छन् । पहिलो कारण सरकार गठन भएकै दिन मन्त्रीपरिषद्बाट पास भएको सरकारको १०० कार्यसुची हो । जहाँ ०४७ सालयताका उच्चपदस्थ कर्मचारी, सासंद, मन्त्री तथा प्रधानमन्त्रीको सम्पति आयोग बनाएर छानबीन गरिने कुरा आएको छ । विचौलिया धन्दा चलाएर अकुत आर्जन गर्दै आएको आरोपमा दिपक भट्ट र अग्रवाल थरका उनका साझेदारहरूका वित्तिय अपराधको अनुसन्धान सुरू भएका छन् । त्यसैगरी व्यवसायी तथा पुर्वमन्त्री दिपक खड्का पनि सम्पति शुद्धिकरण अनुसन्धानका लागि यसबीच पक्राउ परे । खासगरी दिपक भट्ट र तिनका साझेदारहरूका रकम शेयर बजारका कतिपय कम्पनीहरूमा भएको पाइएकाले पनि बजार तीव्र घटेको हो । नेपाल जस्तो वित्तिय अपराध, अनियमितता र भ्रष्टाचारको दुश्चक्रमा परेको देशमा दिपक भट्टहरू अरू धेरै होलान् । त्यस्ता अपराधको माध्यमबाट आर्जित धन सेतो बनाउने थलो शेयर बजार पनि बन्ने गरेको अनुमान धेरैका छन् । त्यस्तो परिस्थीतिबाट गुज्रदै आएको विचौलियाहरूले नै चलाएको देशमा सरकारले पहिलो दिनदेखि नै त्यस्ताहरू खोज्न थालेपछि बजार घट्ने नै भयो । बालेन्द्र सरकारले वित्तिय अपराधमा संग्लनहरूलाई सुरूदेखि नै कार्वाही गर्न थालेको हो । त्यो अत्यन्त सह्रानीय काम हो । त्यसकारण अहिलेको घटाइ वित्तिय बजारको फोहोर कुडार सफा गर्न खोज्दाको परिणाम हो । फोहोर सफा गर्ने पर्ने थियो । देशलाई सम्पति शुद्धिकरणको ग्रे लिष्टबाट हटाउन पनि वित्तिय अपराधमाथी कार्वाही जरूरी थियो । त्यो सुरू भएको छ । धेरै व्यवसायीमा सम्पति शुद्धिकरणको डरले पनि बजार घटेको हो ।

हामीले के बुझ्नु पर्छ भने आर्थिक अपराध, अपचलन, ठगी, बेइमानी र भष्ट्राचारहरूको सफाई जरूरी छ । त्यसमाथी कार्वाही भएन भने त्यसले शेयर बजार मात्र होइन समाजलाई नै निकम्मा बनाइदिन्छ । त्यसकारण ती कदम ढिलो चाँडो उठाउनु नै थियो । बालेन सरकारले शपथ खाएको पहिलो दिनबाटै सुरू गरेको छ । तर यस्ता कदमहरू भेदभाव रहित ढंगले र पूर्णता पाउने गरी सतत् अघि बढाउनु पर्छ । र, त्यसलाई निष्कर्षमै पुराउनु पर्छ ।

माफिया र विचौलियाहरूको खोजी र तिनका वित्तिय अपराधमाथी अंकुश नलगाई शेयर बजारको दिगो भविष्य पनि हुदैन । त्यसकारण साना तथा व्यवसायिक लगानीकर्ताहरूले आत्तिएर शेयर बेच्न जरूरी छैन । बरू शेयर किन्ने बेला छ अहिले । किनकी सरकारले राम्रो संकेत देखाएको छ ।१०० कार्यसुचीमा अर्थतन्त्र सुधारका धेरै कुरा आएका छन् । नीजि ब्यवसायिक संस्थाहरू लगानीका लागि हौसिएका छन् । विदेशमा रहेकाहरू पनि सरकारको कार्यसम्पादन हेरिरहेका छन् । सरकारले अनावश्यक संघ सस्था तथा खर्च कटौति गरेर डुबेका संस्थानहरू चलाउने, विकास निर्माणमा स्रोत जुटाउने जुक्तिहरू निकालिरहेको देखिन्छ ।

अर्को, बजार अहिले घटनुको दोश्रो कारण रास्वपाले वाचापत्रमै करार गरेका गौरीवहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्नुले हो । आन्दोलनमा लाप्रवाही गरेर हिंसा भएको भन्दै ज्यान मुद्धामा अनुसन्धानका लागि पुर्बप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपि ओली र सो बेलाका गृहमन्त्री रमेश लेखकलाई सरकारले गिरफतार गर्यो । त्यसले पनि बजारमा अन्यौल र त्रासदी बढ्यो र बजार घट्ने कारण बन्यो । तर एमाले काँङग्रेस जस्ता जिम्मेवार पार्टीले कानुनलाई सघाएर आन्दोलनका गतिविधिहरू रोक्नु पर्छ र विषय त्यतै गएको पनि छ । गौतम आर्थिक लेखक तथा विश्लेषक हुन्

### In the context of the indebt study of the Novel Tattvamasi written by the Senior advocate Lamichhane

# My Exemplary Academic Impact and Social analysis

**(Part One)**

**By Uttam Karmacharya**

Being a Faculty member of Tribhuwon University I was less and lesser contact with the faculty of Judicial distinguished personality. For the first time I got chance to be a member of Judicial coordination committee of Bhaktapur composed of more than ten members of the major administrative and security government Offices of Bhaktapur on behalf of the former chairperson of Bhaktapur Civil Society. That important membership provided me to attend a one day national level Judicial Coordination Committee in Kathmandu amid more than twenty National level VIPS of administration and Judicial personalities of different walks of social organizations of the coordination membes of all Bhaktapur coordination Commiitee amid Sureme court Honorable Jujus and other members chaired by Honorable SC Judge Prakashman Singh Raut . Then I got chance to meet him several time and he became kind enough to unveiling my 32 book entitled "Teacher Education and Modernization in Nepal.

Then suddenly I came to the contact with senior Advocate Juktinjung Lamichhhane through Mr. Shankar Maghaiya participating national level meetins of senior nationalist of Nepal several times and formed in Bhaktapur Nepal Association of Nationalists ( NAN) under my chairmanship. This way I became very closer and closer to Mr. Juktijung Lamichhhane visitng each other time to time .

In one of his visit to my office in the Iwamura College of Health Science Bhaktapur, he was kind enough to present his latest Novel " Tattvamasi" published in 2081 Magh with 25 chapters with reference written by Kshitiz Limbu and preface written by Ranchandra Subedi , Associate Professor Nepal Sankrit University Balmiki Bidhyapith Then I started to know about the novel. I remember the golden period of novel writers both in Nepal and abroad especially in India. There were millions and millions of novel written by different socio-political walk of life.

Going through the sorcery reading of the Novel TattvamasiI am very impressed with the theme and characters of the Novel. Nowadays it is very difficult to find the novel written this type of impression specially with reference to the socio cultural values

The Novel TattvamasiI is also based on spiritual and devotional aspects that is very lacking in these modern days. I am very glad to read through. It should be place as a course book of sociology , spiritualism and devotional literature . I wish to express my heartfelt and long left congratulation and all the best wishes for the future days to come with more and more these type of Novel written by my dearest friend the Senior advocate Mr. Juktijung Lamichhane.

By the way after going through this Novel I became very motivate to know more and more about the features of writing the novel to be considered very strongly as an academician going through many many books written in Napali language , Nepal Bhaasaa and English Language. Novel writing is the craft of creating a long-form fictional narrative, typically over 60,000 words, defined by complex plots, deep character development, and immersive settings. Key features include a structured narrative arc (beginning, middle, end), "show, don't tell" storytelling, consistent point of view, thematic depth, and intense internal or external conflict.

Every author will ultimately develop their own approach to planning and writing a novel and there's certainly no one-size-fits-all solution. Nor is there a consensus among the professionals.

Ann Patchett will develop a novel in her head for months – 'the happiest time' in her writing process – before she must finally 'reach up and pluck the butterfly from the air' .

Stephen King famously doesn't like to know what's going to happen at the end of his books and went so far as to say that plotting is incompatible with 'the spontaneity of real creation' .

I think it's particularly important for debut writers to spend time thinking about their characters and developing an outline before setting pen to paper. A plan provides a roadmap – a clear route forwards, making it less likely you will get lost along the way.

If we are wondering how to plan your own novel, here are ten steps to get you started:

*1. What's at the heart of your novelæ*

Start by asking yourself what story we are trying to tell. This could be a one-line pitch or a question you're trying to answer. For example, *Romeo and Juliet* could be pitched as 'the tragic story of star-crossed lovers whose deaths ultimately reconcile their feuding families.' Or *Great Expectations* as 'the tale of an orphan boy who receives wealth and status, only to realise that happiness must be found in friendship and love.'

*2. Are we writing a particular genre or for a certain kind of readeræ*

It's good to nail down the genre from the start as this could affect decisions about language, style, voice and plot. Readers will have different expectations of romance than of horror or crime fiction – and you don't want to disappoint them!

*3. Write the cover blurb.*

We should have a strong sense of the shape of the story you want to tell before starting to write. Try to explain what happens in a few paragraphs. Think about how you would describe the story to a friend, Give your story a beginning, middle and end, and make sure to outline the main source of conflict and how this is resolved.

*4. Get to know our characters.*

Start by making a list of major and minor characters. For each one, note down their name, age, family history, physical appearance, political and religious beliefs, traits and quirks. What does our protagonist carry around with them in their handbag/pocketsæ How did each spend their last birthdayæ Then outline what their roles are in the book. What do they want and why do they want itæ What's stopping them from achieving their aimsæ What will they learn during the novelæ Plotting will be much easier if we have a clear understanding of your characters, their perspectives and the journey you want to take them on.

*5. Where is our novel setæ*

Make some general notes on the time and place, including the weather, landscape, architecture, interiors and smells, and think about what these reveal about character. Drawing a map might help to picture the locale and understand the distance between locations, and floor plans can be useful if ywe are setting quite a bit of the main action in a house

*6. Try to do your research.*

If we are given our character a job we don't know much about or we are writing about a place we have never been to, we might need to do some research before starting to write. Reading autobiographies, watching period dramas, taking a research trip or interviewing a friendly could all help to gain a deeper understanding of the subject and themes of your novel.

Make sure we are sufficiently informed to make key decisions about the story, but don't get carried away – we can always supplement your knowledge as wrote .

*7. How will we structure your storyæ*


Does it span one day or several yearsæ Are we going to write it in first person or thirdæ Will our narrator recall events from the future or is the story unraveling in the presentæ Do we need more than one voiceæ Once you have a rough idea of the structure we can begin plotting out the events, e.g. what happens and when does it happenæ If we are working with a three-act structure you will want to set out the main conflict and what's at stake in the beginning, use the middle to complicate the story and develop tension, and build towards an exciting climax before resolving any loose ends.

*8. Write a chapter plan.*

Once we have a good understanding of the narrative spine, you can start to plan what happens in each chapter and break down the action scene by scene. Include the big events – birth, death, sex and violence – as well as subtler anxieties and realizations, and don't forget to track our flashbacks and sub plots through the book.

We need to decide whose point of view the scenes are told from and how much is revealed in each one.

A detailed chapter plan will help to ensure enough happens in your story and that the flow and pacing of events works well. (Remember short scenes of action and dialogue tend to increase the pace while longer descriptive passages can slow the narrative down.) A thorough understanding of plot is particularly important for crime nov-




els that seek to deceive the reader through misdirection and red herrings. As an exercise, we must encourage to reread a favorite novel and note down what happens, chapter by chapter. How long are the scenesæ How many scenes occur in each chapteræ How are the flashbacks spacedæ What's the balance of dialogue, description and narrativeæ

*9. Create a timeline.*


Putting our scenes in chronological order, even if that's not the way they will be told to the reader, can help to flag any issues we need to address before starting to write the novel. We might find that there's a key scene missing or that we need to reorder the sequence or that your ages are askew.

*10. Don't over plan!*

It can be tempting to keep making notes but take care that this doesn't become a form of procrastination. Our outline doesn't have to be perfect before you begin to write. We can change your mind and revisit our ideas later, unpicking threads and weaving others into the fabric of the narrative. Or think about our novel as a piece of clay you can mould and re-form if we don't like the shape it's taking.

We don't have to start with the opening either; one benefit of having a plan is that we can dive straight into a scene with lots of action or even write the end first. And if we are not a great planner, I don't think we should force it. It can be freeing to write when we don't know what comes next, to see what happens and where your characters take us. So, push on and write the next sentence, the next scene, the next chapter. Enjoy the process of bringing your story to life!

( Professor Dr. U. K. Karmacharya presently working as a Board of Director, Dr. Iwamura Hospital Memorial Hospital and Iwamura. *Prof. Karmacharya of TU was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok). Former Secretary General, National Resources Center for NFE (NRC-NFE) Patan and Director, Center for Education for All (CEFA) Banepa . )*



## THE MOMENTS OF BLISS

**Amrit Ratna Tuladhar**

**In the eyes of a flower, the world appears as a flower**

**In the eyes of a thorn, the world appears as a thorn**

**The shadow is cast according to the size of the object**

**Let my heart be pure, let my speech be like the Buddha's**

**Let my feet kill not a single insect at all**

**A good world opens in the eyes of the good**


**Let me see the sparkling moon on a black night**

**Let me listen to the song of life, even in the dried leaves**

**A limpid world opens in a limpid heart.**

# Where is right path?

**Jagadish Pradhanang - - - -**



Every body is not a born Golden spoon of his mouth from Mother. Death is sure in a one day. Slowly changing the mind nd matured the life according to time after born from Mother. Education and money r nothing if our selfish Way of thinking. So selfish every body r doing the duty for the peaceful life present to Future. Of course there are more melancholy for the survivable nd right path. What we do where we will go¿ Rambling thought r turning the mind in every moment since young age to matured old age. Doing the something or more but never getting the right path of way in a human life. Satisfaction nd faith r only right path of life. There are more asking himself to himself but never clear to Way of life. We will get the deeply knowledge as a as a Ocean by the trouble of life. Conscious nd unconscious person never find out right path except faith. Human is one but story r difference only. Painful and fruitful life is a branches of story. Peaceful mind and trust each other is only right path of life forever as long as in this world ( Earth ). Where is key of right path ¿ Right path is the main key of understand person to person only. Wisdom person r always clear mind. But dirty person r never clear mind except own selfish and want for money. They never loves to the any person except own selfish. A married of pair any society doesn't like at all except own happyness. If you shows the lighting Sun, Moon and Star lamp someone else it will be brings your right path of happy forever. Never feel low to the any person only just proud of yourself. Because low feel doubt the Diamond for purity not the stone. Who is worries GOD knows only by seen or unseen. Brighter mind brighter do the needful service for society and faithful family. But money is all in all in the iron age. It's called the Sunday to Saturday of life as a Natural seven colours Rainbows on the far blue Sky. Story is story but difference only. Story is a part of human history. Never explanation by any Writer untill the now. All are waiting for right path. Thanks for who is looking with to pay attention in a mind.

Gorkha Express Weekly

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# सामाजिक स्वार्थ हेर्ने मान्छेको अभाव -४



गलत अर्थनीतिको कारण धनी र गरीब बीचको खाडल झनझन गहिरिँदै गएको छ। सबै खाडल पुर्न उद्यत छन् तर खाडल झन्झन् चाकलिँदैछ। धनी झन्झन् धनी र गरीब झन्झन् गरीब हुँदै छन्। अल्प विकसित देशमा विकसित देशको दवावले सोशित देश नेपाल नै भएको छ। निजीकरण, उदारीकरण, भूमण्डिलीकण विकसित देशको अव्यावहारिक माध्यम हो, नवउपनिवेशवादको साधन हो। हाम्रा योजनका प्रमुख उद्देश्यमध्ये गरीबी निवारण सँधै पर्दै आएका छन्। जनतालाई भुक्याउने फोस्रो नारा पनि यही हुन गएकाले सबै दलले यसलाई आ-आफ्ना घोषणा पत्रमा पनि राखेका छन्। दल दलमा राजनैतिक प्रतिवद्धता नहुनु, शक्तिमा पुगेपछि इमान्दारिता भुल्नु, क्रमबद्ध र स्पष्ट कार्यक्रम नहुनु तथा सबै दलहरू विदेशी सल्लाहकार मै निर्भर हुनु जस्ता कुराले देश सम्पन्नतातिर उठ्न सकेको देखिँदैन। अर्कोतिर २।४ कक्षा पढेका केटाकेटीमा भने श्रम र सीपको कामै नगर्ने, सस्ता लिपिस्टीक क्रिम लगाउने, बाबु आमालाई थर्काउने जस्ता कुव्यसनले समाजलाई अर्धचेतनतिर धकेलिदिएको छ।

बंशगत चलिआएको पुस्तौनी सीपलाई पढेका नयाँ सन्ततिले बेरोजगार भएर पनि छाडी दिएका छन्, यस्तो भएको छ हाम्रो शिक्षाको खुबी। कुनै आधुनिक प्रविधि विना नै श्रम मात्र सदुपयोग गरे राष्ट्रिय उत्पादन तेब्बर हुन पुग्दछ। प्रस्तावित व्यवस्थित बस्तीबाट गाउँ विकास योजना तिनै समस्यालाई यथार्थ अनुभूत गरेर तयार गरिएको छ।

व्यवस्थित र योजनाबद्ध बस्ती बनाउने बाहेक अरू धेरै कारणहरूले पनि हाल भएका गाउँका घरहरू नहटाई नहुने अवस्थामा छन्। घरको भित्री बनावट ज्यादै अवैज्ञानिक, अस्वस्थकर र अव्यवस्थित खालका छन्। ती घरभित्र भूँइतलामा एउटा मात्र कोठा हुन्छ। त्यहाँ भान्सा, अगेनो, सिकुवा, मूल ओछ्येन हुन्छन्। प्राय: बूढाबूढी र केटाकेटी यही ओछ्यानमा हुन्छन्। एउटा कुनामा पानीका गाग्री, त्यहीँ पूजा गर्ने ठाउँ, चोसाचोसामा परेवाका गुणहरू, हाँस वा कुखुराका खोरहरू पनि हुन्छन्। त्यही घरको एउटा कुनामा जाँडको घैंटो वा बाखर लागेका मही दहीका ठेकी हुन्छन्। सुर्तीको पात सुकाइएको हुन्छ। टाउका माथि मकैका झोता हुन्छन्। बीच बीचमा अन्नका डेरी हुन्छन्। जाडोका बेलामा त छरछिमेकी नातापाताहरू पनि भित्र हुन्छन्। कुँडो त्यहीँ पाक्दछ, खाना त्यहीँ पकाइन्छ। धुवाँ जाने ठाउँ हुँदैन। त्यसमाथि चुरोट र कक्कडको धुवाँ लगातार जसो उडाइन्छ। यसरी हरेक यस्ता घरका नेपालीले मुरीका मुरी कार्वन निल्छन्। उनीहरू रोगी हुन्छन्।

यी घरहरू ज्यादै अव्यवस्थित र अस्तव्यस्त भएकाले सधैँ बढारकुँडार लिपपोत गरेर सफा पारिराख्न पनि सकिँदैन। पानीको सुव्यवस्था नभएर नुहाउने र कपडा धुने काम नभए जस्तै घर व्यवस्थित नभएर सफा सुग्घर हुन सक्दैन। फोहोर घर भएको कारणले घरभित्र सुलसुले, धुन, पुत्ला, उडुस, उपियाँ, चमजुम्रा, जुम्रा, किर्ना, झिँगा, कुकुर, बाखा, मुसा, छुचुन्द्रा जस्ता प्रत्यक्ष आँखाले देखिने र आखाले नदेखिने सयौं रोगका कीराहरूको बिगबिगी हुन्छ। घर र आफू फोहोर हुने र बस्ने बानी नै परिसकेकाले बाहिरी वातावरण सफा गर्नेतिर कसैको ध्यान जाँदैन, गएको छैन। घर वरिपरि दिशापिसाब गरेर र कुडा कर्कट फालेर यति फोहोर जम्मा भइदिएको हुन्छ त्यहाँ राम्ररी सास फेर्ने र खुला राख्ने ठाउँ हुँदैन।

नेपालमा ७ प्रतिशत जनसंख्याको घर छैन। यो कतिपय विकसित मुलुकको भन्दा पनि राम्रो अवस्था हो तर नेपालमा त्यो हुनुनै अभिशाप भएको छ। घर नाउँ मात्राका छन्। बस्ने घरको प्रतिव्यक्ति भुइँ क्षेत्रफल ५.२५ वर्ग मिटर मानिन्छ। तर आधा भन्दा बढी जनता न्यूनतम क्षेत्रभन्दा कम क्षेत्रमा बसेका छन्।

आवासको वर्तमान अवस्था:

आवासलाई जनताका न्यूनतम ६ वटा आधारभूत आवश्यक्तामध्ये एक मानिएको छ। यसकै नाताले आवासले छुट्टै मन्त्रालयको दर्जा पनि पाएको हो। आवास तथा भौतिक योजना मन्त्रालय मातहत खानेपानी तथा ढल निकास विभाग, आवास, भौतिक परियोजना विभागहरू, आवास तथा ग्रामीण बस्ती विकास कम्पनी, (पुनर्वास) खानेपानी तथा ढल निकास, फोहोर मैला व्यवस्थापन आदि संस्थाहरू यस मातहत रहेका छन्। मन्त्रालयको नाउँ नयाँ भए पनि विभाग र संस्थानहरूले धेरै पहिलेदेखि काम गरिरहेका छन्। खानेपानी बाहेक अरू विभागले अहिलेसम्म के कामको उपलब्धि गरे थाहा पाउन सकिँदैन।

तत्कालीन पुनर्वास कम्पनी र पुनर्वास विभागले आ-आफ्नो योजना र बसोबास कार्यालयहरूबाट लाखौं परिवारलाई बसोबास गराए। तिनीहरूलाई घर बनाउन ३ फिट गोलाइ भन्दा कम मोटा रूखहरू पनि नि:शुल्क दिइएको थियो। कर्मचारीकालागि कालीमाटीमा कुलेश्वर आवास योजना र महाराजगन्जमा बल्खु आवास योजना बनाइए। त्यस्तै आवास योजना डल्लु, पोखार, कोहलपुर, सामाखुसी र विराटनगरमा पनि बनाइए। यी आवास क्षेत्रले तीतो अनुभव देखाएका छन्। काम यति ढिलो छ कि देश विकास र जनहितको आशै गर्न सकिँदैन, यति खर्चिलो छ कि यसले भ्रष्टाचारलाई प्रश्रय दिइरहेको छ। व्यवस्था राम्रा खालका छैनन्, त्यसैले यी जहिले पनि लथालिँग हुन सक्दछन्। प्लट वितरण मात्र गरिएको छ, घरको आकार प्रकारमा कुनै नियन्त्रण छैन। पर्यटन तथा अन्य जनहितका कुरालाई हेरिएको छैन। स्वास्थ्य, इन्धन, शिक्षा, खेलकुद आपूर्ति जस्ता अत्यावश्यक सेवाको व्यवस्था गरिएको छैन। घरको भित्री भागमा आवश्यक व्यवस्था र नियन्त्रण गरिएको छैन। कित्ता (प्लट) नफोरी सुक्री बिक्री गर्ने कुरामा कुनै स्पष्ट नियम छैन, नियन्त्रण गरिएको छैन। सामाजिक्ताको हिसावले भौतिक सुविधाहरू जुटाइएका छैनन्। आवास क्षेत्रमा सम्बन्धित क्षेत्रले फटाफट आ-आफ्ना सुविधालाई प्राथमिक्ता दिएर काम गर्ने परिपाटी नै बन्न सकेको छैन। कार्य प्रक्रिया र कार्य दिग्दर्शन नै भएका छैनन्। तर देशभर नौ वटा पुनर्वास योजनाहरूले बसाइएका गाउँहरू भने एकत्रित, सुनियोजित र व्यवस्थित छन्। तर अरू क्षेत्रहरूको सहभागी र समन्वयको अभाव छँदैछ। दश वर्षपछि बसोबासले आफूखुसी गर्न पाउने प्रथाले व्यवस्थित वस्ती पुन: पुराना गाउँ झैं भद्रगोल हुँदै गइरहेका छन्।

नेपालको कुल जनसंख्यामध्ये केवल ७ प्रतिशत अर्थात् करीब २,२०,५०० परिवारको मात्र आफ्नो घर छैन। विकसित मुलुकको भन्दा नेपालमा आफ्नै घर भएका परिवारको संख्या बढी छ। यसो छ भन्दैमा गर्व गर्नुपर्ने कुरो चाहिँ होइन। यहाँ घर भनेको टाउको ओताउने ठाउँ, एउटा अवैज्ञानिक, सबै सुविधा बिहीन अस्वस्थकर छाप्रो मात्र हो।

शहरी क्षेत्रको राम्रो भन्ने भाग विसं १९९० पछि जुद्धशंसेरले पुन निर्माण गरेका र अंचलाधीश शंकर पाठकले बनाएको पोखराको नयाँसडक, परापूर्वकालको असन र इन्द्रचोक बाहेक राम्रो कहिल्यै कहि बनेको पाइँदैन। काठमाडौं शहरकै कुरा गरौं, यो ज्यादै नाजुक र मन दुख्दो अवस्थामा छ। शहरी जीवन नारकीय रूपमा परिणत हुँदै गइरहेको छ। विज्ञान र जनाधिकार पाएपछि बिस्तार भएका शहरीखण्ड सबैभन्दा दुरावस्थामा हुनु साँच्चै नै चिन्ताको विषय भएको छ, नेपाली सत्तासिनको सीप, क्षमता र विवेक देखेर।

शहरको विकासका निमित्त अत्यावश्यक कुरा हो युक्तिसंगत र वैज्ञानिक व्यवस्थापन। त्यो यहाँ छैन। बढ्दो शहरी आवादीको लागि सुनियोजित र सुव्यवस्थित योजना जनताको शहरी विस्तार हुन सक्ने गति भन्दा धेरै छिटो गतिमा हुनुपर्दछ। त्यसतर्फ गफै माात्र गरिएको छ। त्यसपछिको अर्को महत्वपूर्ण कुरा हो भावी आर्थिक क्रियाकलापको दृष्टिमा नयाँ शहरको स्थापना तर्जुमा गर्नु। त्यो पनि भएको छैन। त्यस्तै जमिनको अधिक्तम उपभोग, वातावरणीय संरक्षण, सीमित स्रोतको न्यायपूर्ण उपयोग, सडक र घरको बनोट, ढाँचा र उचाइमा सिधापन, औद्योगिक व्यापारीकरणको प्रक्रिया आदि सम्पूर्ण कुरामा स्पष्ट नक्सा बनाई दीर्घकालीन रूपमा उद्देश्यहरू प्राप्त गर्ने योजना बनाइराख्नुपर्ने हो। त्यतातर्फ पनि केही भएको छैन।

यस विषयमा कति लेख लेखिए, कति गोष्ठी भए, कति सम्मेलन भए, कतिले सुझाव दिए, कति पटक भाषण भए, नीति बने तर काम केही पनि भएको छैन।

फेरि यो काम इमान्दारीपूर्वक गरे मात्र पुग्दछ न जग्गा अधिकरण गर्नु पर्दछ न कुनै रकम नै खर्च गर्नु पर्दछ। व्यवस्थापन राम्रो भए, जग्गा महँगिदैन। अनि अरू आवश्यक सुविधा बढाउन जनसहभागिता असाध्य पाइन्छ। कमलपोखरी, राजकीय प्रज्ञा प्रतिष्ठान वरिपरि, त्रिपुरेश्वर जस्ता ठाउँमा भवन बनिसकेपछि बिगारेर बनाइयो। यस्तो प्रथा गलत हो। हरेक ठाउँ, गाउँ वा शहरको एक एक टोलको योजना नबनाएसम्म निर्माण काम नै रोक्नुपर्दछ, नक्सा पास गर्नु हुँदैन। एक टोल वा ठाउँमा जमिनको नक्सा तय गरेपछि नक्सा बमोजिम रहने गरी निर्माण काम सुरू गरिदिनुपर्छ। शहर आफैँ बन्दछ। यहाँ त मुआव्जा र करोडौंको निर्माण बजेट नभई कल्पनै नगर्ने परिपाटी बसेको छ, प्राविधिकको। बनेको चीज बिगार्ने कुरा हाम्रो जस्तो गरीब देशमा ज्यादै नराम्रो कुरा हो, देश गरीब बनाउने काम हो। यसको सुधार र विकासका लागि प्रयत्न सुरू भएको दशकौं भइसक्यो। तर 'पिना सुक्दै गर्दछ काग कराउँदै रहन्छ' भने झैं संस्था बढ्दै गए शहर झन्झन् बिग्रिदै गयो। उर्वरा खेत बेमाख हुँदै गए। यहाँ न त गर्न नसकिने कुनै कुरो छ न त ठूलो रकमको आवश्यक्ता। सोच्नै नसक्ने मानिसको अभावले पनि यसो भएको होइन। धेरै कुरा बिग्रेको छ निहित स्वार्थ नराख्ने र दीर्घकालिन रूपमा निर्णय लिन सक्ने मानिस नभएर।

# बद्लाको राजनीति भए, फासीवादको उदय



**सुरेशकुमार पाण्डे**

*(फासीवाद (अङ्ग्रेजी: Fascism) उग्र दक्षिणपन्थी, सर्व सत्तावादी उग्र राष्ट्रवादको एउटा स्वरूप हो। तानाशाही शक्ति, फरक विचारको वा विरोधको बलपूर्वक दमन, साथै समाज र अर्थतन्त्रको बलियो फौजीकरण जस्ता विशेषता रहेको फासिवाद २०औं शताब्दीमा प्रचलित थियो। अन्य युरोपेली देशहरूमा फैलिनु अघि पहिलो फासीवादी आन्दोलन इटालीमा पहिलो विश्वयुद्धको क्रममा देखा पर्‍यो। उदारवाद, मार्क्सवाद र अराजकतावादको विरोधमा फासीवाद पारम्परिक बायाँ - दायाँ रंगावली भित्र उग्र दक्षिणतर्फ राखिएको।)*

देशका जनताले सदियौं देखि विकास चाहे पसिना बगाएर गास बास कपासको समाधान गर्न खोजे। शान्ति र सु व्यवस्थाका लागि धेरै देशभक्तले ज्यानको आहूती दिए। तरपनि देशभित्र बिभिन्न प्रकारका अवसरवादीहरू कै त्यस्तो व्यवस्था आउन सकेन जस्तो देशका बहुसंख्यक जनताको हितमा हौस्।

हामी आफ्नो देशलाई स्वर्गतुल्य सम्झन्छौं किनकी यो मातृत्वभूमि हो। तर हामी आर्काको देशभित्र गएर तुच्छ भन्दा तुच्छ र जोखिम पूर्ण कार्य गर्दै आएका छौं। त्यही हाम्रो परिश्रमले उनिहरूको देशमा विकास भएको छ। उनिहरूको देश सुरक्षीत भएको छ। नेपालीहरूको योगदान विश्वका धेरै देशहरूले प्राप्त गरेकाछन्। तर हामीले हाम्रै देशमा केही गर्ने वाताबरण छैन।

हामी के भन्छौं भने यो देश अखण्ड रहनुपर्छ, देशबाट सबै खाले भ्रष्टाचारको अन्त्य हुनुपर्छ। त्यो जसले गरेपनि भयो तर देश विदेशीको अखडा हुनुभएन। देशमा तानाशाह र फासीवादको उदय हुनुभएन, देशभित्र साम्राज्यवादको हस्तक्षेप हुनु भएन। अखण्ड देश र जनताको हितमा यस्तो सुशाशन जुनसुकै राजनैतिक शक्तिले ल्याएपनि हुन्छ। राष्ट्रको नागरिक होस् र विदेशको दलाल नहौस्। नयाँ सरकार, बालेन सरकारले राष्ट्रियताको हितमा काम गर्छ भने कसले उन्को विरोध गर्छ होला र?

बालेन सरकारले गौरीवहादुर कार्कीको अधुरो छानबिनको प्रतिवेदनलाई कार्यन्वयन दिंदैछ। त्यसले छानबिनमा धेरै घातक प्रभावशाली व्यक्तिहरूलाई जोगाएको छ। त्यसकारण प्रतिशोधपूर्ण नहोस् भन्ने आवाज उठेको हो। दोषीहरू कुनैपनि छुट्न पाउनु हुँदैन भन्ने सबैको माग यही रहेको छ।

जेनजी आन्दोलन भयो, सत्ता ढल्यो, साथै देशका सम्पदा पनि ढले। जेनजी आन्दोलन किन उठ्यो, कसले उठायो भन्ने छानबिन हुनै बाँकी छ। नैतिक जिम्मेवार तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई मात्र कारवाही गरिनु उचित हो होइन? जेनजी आन्दोलनका सबैपक्षमा छानबिन हुनुपर्छ भन्ने कुरा अनुचित होइन।

भ्रष्टहरू धमाधम पक्राउ पर्न थालेका छन्। यसमा सहकारी घोटालाको पनि छानबिन हुनैपर्छ र आमनागरिकले खाई नखाई जम्मा गरेको बचत फिर्ता हुनैपर्छ। भ्रष्टाचारविरूद्ध व्यवस्थित प्रकारको कार्ययोजना अगाडी सार्नुपर्छ।

वृद्धा आयुलाई ७०-बाट ७५गराउने निर्णय गलत मानिएको छ। सम्पत्ती छानविन गराउनु ठिक हो तर सबैभन्दा पहिले मन्त्री सांसदहरूको सम्पत्ती सार्वजनीक गर्नुपर्दथ्यो। नवसम्भ्रान्तहरू कति छन् कति, तिनको छानबिनमा अझ सकृयता ल्याउनुपर्छ।

अहिले २०४८ साल यताको सम्पत्तीलाई छानबिन गर्ने र एउटा सिमाभन्दा बाहिर पाएको सम्पत्ती राष्ट्रियरकण गर्ने नियम पनि बनाउनु पर्यो। कसैको पनि बैंकमा रकम छ भने दश वर्षसम्म खोजबिन नभएको भन्ने बारे यो नियमलाई पनि पुर्नविचार हुनुपर्छ। यसलाई बरू कम्तीमा बीश वर्ष गराउनु पर्दछ। शिक्षा र स्वास्थ्यमा विशेष सुविधाको व्यवस्था गर्नुपर्छ। सरकारले त्यता तिर ध्यान दिएको छैन। भूमिहिन किसान मोही किसानलाई गास बासको व्यवस्था छैन। उनिहरूलाई पुनर्वासको योजना मिलाउनु पर्छ।

देशमा कुनैबेला पनि शान्ति सु व्यवस्थाको उदय भएन। यद्यपि शान्ति सुव्यवस्था, आमूलपरिवर्तन्, नयाँ जनवाद, समाजवाद भन्दै जनताहरूलाई सडकमा पठाएर प्रशाशनद्वारा गोली ठोकिन्छ र मर्छन्। अनि मरेसकेपछि केको परिवर्तन्? कसका लागि परिवर्तन्? हामी प्रजातान्त्रिक व्यवस्थाभित्र छौं भन्ने आभाष हुनसकेकै छैन।

राणाहरूको जहानिया निरङ्कुश साशन र त्यसको अन्त्यको लागि शङ्घर्ष, जनताले गरे। पटक पटक जनताले परिवर्तनका लागि ज्यान दिए, आखिर देश र जनताको भागमा के पर्यो? अहिले देशमा भएको परिवर्तन पनि त्यस्तै हातलाग्यो शून्य नहोस्। जनताका अपेक्षा धेरै छन्, संवोधन हुनुपर्छ।

साथै, बालेन सरकार र सत्तारूढ रास्वपाले जनतासँग कबुल गरेका छन्, करार गरेका छन्, बाचापत्र गरेका छन्, त्यो अनुसार काम भएन भने जनताले फेरि पछुताउनु पर्नेछ। जनताको अर्को विद्रोह हुनसक्ने छ, सावधान।

जनता हरेक कालखण्डमा संघर्ष गर्दा गर्दा थाकिसके। पुस्ता पुस्ता बित्दै गएका छन्। वर्तमान पुस्ताले सही काम गरिदिने हो भने भावी पुस्ताले नेताविरूद्ध संघर्ष गर्नुपर्ने थिएन।

जनताकै बिचबाट नेतृत्व गरेर सरकारमा पुग्छन्, तिनले राष्ट्रघात र जनघात गर्छन्। ज जसले क्रान्तिका ठूला ठुला भाषणहरू गर्छन् उनिहरू आफै क्रान्तिकारी आन्दोलनलाई बिचमै तुहाइदिन्छन्। त्यस्तो नहोस्।

फागुन २१ को चुनावमा जनताले परम्परागत पार्टीविरूद्ध मतदान गरे। परिवर्तनका नारा लगाउनेलाई भोट दिएका हुन्। उनिहरूले पहिले जनताका अपेक्षा माथि नै प्रहार नगरून्।

सरकारले अब वडाहरूमा निशाना ताकेको छ त्यो अब वार्डमा एकजना अध्यक्ष मात्र राख्ने बाँकी सदस्य खारेज गर्ने कुराहरू आएका छन। अनावश्यक खर्च कटौती गरेर विकासमा लगाउनुपर्छ, तर विचार गरेर।

प्रहरीको ड्रेस पनि बदल्ने तरखरमा सरकार छ। यसलाई ढिलो चांडो कार्यन्वयनको प्रकृयायाम लैजाने छन्। संविधान संशोधनका कुराहरू आएका छन्। सम्विधान के का लागि संशोधन गर्ने? यसमा देशव्यापी बहस हुनैपर्छ। जुत्ता, कागज, धागो, सिमेन्ट, चुरोट, टायर कारखानाहरू पुन: सञ्चालन गर्ने होमवर्क भइरहेको छ। रोजगारी बृद्धि र आत्मनिर्भरता राम्रो कुरा हो। यसमा सेना, प्रहरी, स्कूल, कर्मचारीमा ड्रेस नेपालमै बनोस्, नेपाली उत्पादनले प्राथमिकता पाओस्।

देशलाई जेजे अनावश्यक छ, खारेज हुनैपर्छ। मुख्यकुरा संघीयता भार बनेको छ, यो खारेज गरेर संघीयतामा हुने खर्च पालिकाहरूमा योजनासहित खर्च गर्नसके जनताको जीवनस्तर माथि उठ्नसक्नेछ।

देशको सीमा सुरक्षित हुनेपर्छ। अतिक्रमित भूभाग हिकभोगमा ल्याउनुपर्छ। अपराध र भ्रष्टाचारको छानबिन गरेर दोषीहरूमाथि कानुन् अनुसारको सजाय हुनुपर्छ। सुसाशन र शान्ति जरूरी छ। यसैका लागि जनताले परिवर्तन खोजेका हुन्।

जुनसुकै व्यक्ति जतिसुकै शक्तिशाली होस्, अनुसन्धान हुनुपर्छ र देश र जनता लुटेको सम्पत्ति फिर्ता ल्याएर विकासमा जोड दिनुपर्छ। सवाल व्यक्तिको होइन, विधिको हो। विधिलाई बाहुबलीतन्त्र चलाउँदा आज जेनजी बिद्रोह हुनुपुग्यो, बिस्थापित भएको संविधानलाई समयानकूल र जनअपेक्षासहितको रूपमा संशोधन गर्नुपर्ने भएको छ। आवधिक चुनाव हुन्छ, कसैले जित्छ कसैले हार्छ। महत्वको कुरा संवाद, सहमति र सहकार्य हो। यसको बिना राजनीति अधुरो र एकांकी हुन्छ। अधुरो राजनीतिका कारण जनतामा असन्तुष्टि फैलियो। फेरि फेरि जनतालाई आक्रोसित गराउने काम नहोस् भन्ने सदासयता सबैतिर देखिन्छ। सरकारले के के गर्न खोजेको हो, त्यसको बृतान्त जनताले थाहा पाउनुपर्छ, जनताको सुझावलाई सरकारले आत्मसात गर्दा सहमति र समाधान निस्कन सक्नेछ।

# बालेन सरकार




***सुनिल बाबु पन्त*** ---------------

नयाँ प्रधानमन्त्री बालेन शाहको मन्त्रिपरिषद् र उनका मुख्य सल्लाहकारहरूको टोलीलाई नजिकबाट नियाल्दा, नेपाल आज एउटा ऐतिहासिक दोबाटोमा उभिएको देखिन्छ। यो केवल सत्ताको हेरफेर मात्र होइन(यो राज्य सञ्चालनको दिशा, चरित्र र भविष्य तय गर्ने निर्णायक मोड हो। आजको सरकारको बाटोले वर्तमान शासनलाई मात्र होइन, आगामी दशकको राजनीतिक संरचना र सामाजिक सन्तुलनलाई समेत गहिरो प्रभाव पार्नेछन्।

यस घडीमा हाम्रासामु दुईवटा अनुमानहरू देखिन्छन्।

पहिलो अनुमान : सुशासन र राज्य निर्माणको अवसर।

पहिलो सम्भावना आशावादी र व्यवहारिक छ। यदि बालेन सरकार साँच्चिकै जनहितमा केन्द्रित रह्यो भने यसले नेपालको राजनीतिमा नयाँ मानक स्थापित गर्न सक्छ। त्यसका लागि सरकारले केही आधारभूत पक्षमा दृढता देखाउनै पर्छ। विधिको शासन सुनिश्चित गर्नुपर्छ (कानुन सबैका लागि समान रूपमा लागू हुने वातावरण बनाइनुपर्छ। भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति केवल नारामा होइन, व्यवहारमा देखिनुपर्छ। सरकारी सेवा प्रवाहलाई छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउँदै नागरिकको दैनिक जीवन सहज बनाइनुपर्छ। साथै, विकासको लाभ गाउँ र सीमान्तकृत समुदायसम्म पुऱ्याइनुपर्छ।

दोस्रो अनुमान : भूराजनीतिक प्रभावको जटिलता र अस्थिरताको जोखिम

दोस्रो सम्भावना जटिल र जोखिमपूर्ण छ। दुई शक्तिशाली राष्ट्रहरूको बीचमा रहेको नेपाल सधैं भू-राजनीतिक आकर्षणको केन्द्रमा रहँदै आएको छ। यदि सरकारमा बाह्य प्रभावहरू हाबी भए भने देश अनायासै बाह्य शक्तिहरूको प्रतिस्पर्धाको मैदान बन्न सक्छ। यसका सङ्केतहरू विभिन्न रूपमा देखा पर्न सक्छन्। उत्तरी सीमासँग सम्बन्धित संवेदनशील विषयहरू अनावश्यक रूपमा उछालिन सक्छन्। तराई क्षेत्रमा खुला सिमाना र कमजोर सुरक्षा संयन्त्रको फाइदा उठाउँदै अन्तर्राष्ट्रिय आपराधिक वा जासुसी गतिविधि सक्रिय हुन सक्छन्। समाजभित्रको जातीय, धार्मिक वा क्षेत्रीय असन्तोषलाई बाह्य स्वार्थले अझ बढवा दिन सक्छ। यदि विदेशी खेलमा सरकार फस्यो भने चीन विरोधी गतिविधिका साथ साथै तराई मधेसमा अवैध आर्थिक गतिविधि र आपराधिक सञ्जालहरू सक्रिय हुन सक्छन्। र यस्ता परिदृश्यहरूलाई केवल "कन्सपिरेसि"का रूपमा खारेज गर्नु बुद्धिमानी हुँदैन। इतिहासले देखाएको छ साना राष्ट्रहरू यस्ता जटिल खेलको सिकार बारम्बार बनेका छन्।

प्रतीकात्मक राजनीति - संवेदनशीलता कि रणनीतिर ?

सरकारले सुरूवाती चरणमै केही प्रतीकात्मक कदमहरू चालेको देखिन्छ (धार्मिक विधि-विधानमार्फत शपथग्रहण र दलित समुदायप्रति ऐतिहासिक अन्यायका लागि क्षमा याचना। यी कदमहरूलाई दुई दृष्टिकोणबाट बुझ्न सकिन्छ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ चैत २४, Apr. 7, 2026





अन्तिम पातो - शाश्वत शर्मा

## सहज हुँदैन संसद अधिवेशन

चैत १९ बाट नयाँ संसद अधिवेशन सुरू भयो । यो बैठकमा राष्ट्रिय दलको मान्यता पाएका सबै दलले नै सरकारलाई शुभकामना दिए । रास्वपाका सभापति रवि लामिछाने, कांग्रेसका भीष्मराज आङदम्बे, एमालेका रामबहादुर थापा, नेकपाका वर्षमान पुन, राप्रपाका ज्ञानबहादुर शाही र निर्दलीय सांसद महावीर पुनले संसदमा बोलेका थिए । पहिलो बैठकमा शुभकामना साटासाट गर्ने प्रचलन भए पनि घोचपेज र आरोप प्रत्यारोपबाट पहिलो बैठक सुरू भएको छ । खासगरी गत भदौ २४ गतेपछि हुँदा खाँदाको सत्तासुखबाट जेनजी बिद्रोहले बिस्थापन गरेपछि उनीहरूलाई औढाह छुट्नु स्वभाविक थियो । यसैको आक्रोश यी दुई दलले संसदमा पोख्न पछि परेनन् । कांग्रेस अलि नरम र एमाले धेरै नै गरम रूपमा प्रस्तुत भयो । अध्यक्ष थुनामा रहेका बेलामा बोल्न अघि सरेका एमाले रामबहादुर थापाले असन्तुष्टि पोखे, निर्वाचनमा रास्वपालाई जिताउन देशभित्रबाट नेपाली सेना, कर्मचारीतन्त्र, प्रहरीले सहयोग गरेको भन्दै बारबरा फाउण्डेशनलगायतका बाह्य शक्तिको भूमिका रहेको आक्षेप लगाए । पुराना माओवादी बादलले जनयुद्धकालीन धङधङे बाँकी रहेको तरिकाले संसदमा बोलेको देखियो । भन्ने नै हो भने टिचिङ अस्पतालमा बिरामी भएर सुतेका ओलीले बादलको मुखबाट आफ्नो भडास संसदमा निकालेका हुन् यो संवोधनपछि रास्वपले मात्र होइन, एमाले नै तरङ्गित भयो र विष्णु पौडेल, योगेश भट्टराईहरूले पार्टी लाइन होइन भनेर सचिवालय बैठक नै राखेर बिमति जनाए । कार्यबाहक अध्यक्ष रामबहादुर थापाप्रति एमाले पंक्ति असन्तुष्ट हुनपुगेको छ । बिरोधको श्वर र आफूमाथि आक्रमण बढेपछि रामबहादुर थापाले लाजै पचाएर भनेका छन्- मैले अन्तैबाट लेखिएर आएको कुरालाई पढेको मात्रै हुँ । अर्थात् एमालेभित्र रडाको मच्चिनपुग्यो ।

आउने दिनहरूमा संसदको अधिवेशन घोचपेच, आरोप प्रत्यारोप र उस्तै परे मारमुङ्ग्रीका घटना पनि हुनसक्ने अनुमान गरिदैछ । झन युवाहरूको बाहुल्यता रहेको वर्तमान प्रतिनिधि सभामा मारामार नहुने कुरै भएन । अझ त्योभन्दा पनि बढी बोलेको भनेर रास्वपाका युवा सांसदहरू डुक्रिने त होइनन् भन्ने आशंका पनि छ । उता प्रचण्डको नेकपाका वर्षमान पुन अलि बाठो भएर खुशी पार्ने शैलीमा उत्रिन भ्याए भने जनसंस्कृतिका हर्कराज राईले एमासीसी खारेज गरिनुपर्छ भनेर बालेन सरकारलाई धराप नै थापिदिएका छन् । राप्रपाका ज्ञानबहादुर शाहीले संघीयता खारेजीमा साथ र सहयोगको बाचा गरेका छन् र संविधान संशोधन गर्न अघि सरे रास्वपाको १८२ मा ५ थपेर १८७ पुर्‍याइदिने खुलस्त पारिदिएका थिए । शाहीले राजसंस्था पुनर्स्थापना र हिन्दुराष्ट्रको मुद्दा उठाएर प्रशंसनीय काम गरे भन्ने प्रतिक्रिया बाक्लै सुनिएको छ । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले कहिले पनि प्रभावकारी रूपमा बोल्न नसके पनि संसदमा शाहीले ५ जना सांसदको बलमा जोडदार रूपमा आफ्नो पार्टीको मुद्दालाई पहिलो बैठकमै उठाउने जुन हिम्मत गरेको देखियो, त्यो प्रशंसनीय छ । भोलिका दिनमा पनि यस्तै साहस देखियोस् ।

जेहोस्, संकेत देखिन्छ कि संसदको आगामी अधिवेशनमा रास्वपाका लागि फलामको च्यूरा चपाउनुसरहको अवस्था आउनेवाला छ । खासगरी पुराना र स्थापित दलहरू जो चुनावमा बढारिएका छन्, तिनको रोष ह्वात्तै बढ्नेवाला छ । प्रतिषोध साधियो भनेर सडक तताएर भ्रष्टाचारका मुद्दाहरूलाई ढाकछोप गर्ने पुराना दलहरूको जुक्ति बढ्नेवाला छ । किनकि बालेन सरकारले बालुवाटार जग्गा, गिरिबन्धु काण्ड, शेरा दरवार, बुढी गण्डकी, वाइडबडीजस्ता अनेकन फाइलहरू खोलेर अध्ययन थालिसकेको छ । प्रमाण जुटाएर पक्राउ गर्ने अनि थुनामा राखेर अनुसन्धान अघि बढाउने रणनीति बालेन सरकारको रहेको स्पष्ट भइसकेको छ । यसका साथै बालेन सरकारले संविधान संशोधन गर्न बहस अघि बढाएको छ । राजतन्त्र र हिन्दुराष्ट्रसहितको संविधान सशोधन हुनुपर्छ भन्ने सडक र सदनमा उठ्ने आवाजले राजनीति गर्माउने समय नजिकिदैछ । अब हेर्नुछ, चौविसै घण्टा काम गरेर जनताको मतादेशको संवोधन गर्छौं भन्ने बालेन साह र रास्वपाका सभापतिको आगामी दिनहरूको काम कारवाही सबैले चीलका आँखाले हेरिरहेका छन् । भ्रष्टाचारी, राष्ट्रघाती, अपराधीहरूर्ला कारवाहीको शुरूआत गर्नु राम्रो हो । तर जनअपेक्षाहरू धेरै छन् । खासगरी दैनिक जिवनोपार्जन र राजनीतिक अनि आर्थिक अपेक्षाहरू छन् । रोजगारीका सिर्जना गर्नुछ । सुशासन स्थापित गर्ने चुनौती छ । रास्वपाले सहज रूपमा काम गर्नसक्ने बहुमत पाएको छ । आवश्यक परे दुई तिहाई जुटाइदिने सहयोगी पनि रहेका छन् । तर आफूले जनतासँग गरेका बाचा, करारलाई मूलमन्त्र बनाएर काम गर्नुपर्ने बालेन सरकारलाई पुराना भ्रष्ट, अपराधिक र बिचौलिया मानसिकताकाहरूले ठूलै धरापमा पार्नसक्छन् । चक्रव्यूह निर्माण सुरू भइसकेको अनुमान संसदको पहिलो बैठकबाटै गर्न थालिएको छ । वर्तमान समय रास्वपाको सरकारले काम गर्ने समय हो । यही कामको आधारमा ५ वर्षपछि यही नै मूल धार हो कि वर्षे बाढी हो भन्ने प्रमाणित होला । सुरूका दिनमा जुन तरिकाले बालेन सरकारले काम थालेको छ, त्यो भने दिनमा घाम लाग्छ भन्ने सन्देश दिइरहेको छ ।

राजनीतिका नौसिखाहरू धेरै छन् रास्वपामा । स्वयम् बालेन साह ३ वर्षे मेयरबाट प्रधानमन्त्री बन्नपुगेका छन् । राम्रो काम गरे भने संकटमा पुगेका पुराना दलहरू किनारामै सिमित हुनसक्नेछन् भन्ने विश्लेषण हुनथालेको छ ।




# राजतन्त्रको आवश्यकता बारेमा निरन्तर जागरण अभियान

राप्रपाले आफ्नो सिद्धान्त संवैधानिक राजतन्त्र र हिन्दु अभिराज्य भनेता पनि निर्णायक आन्दोलन गर्न सकेन । राजसंस्था र हिन्दुराष्ट्रको सिद्धान्त बोकेका ६ दर्जन संघसंस्था, व्यक्तित्वहरू भए पनि तिनले १७ वर्षसम्म सडक संघर्ष, आन्दोलनको नाममा झारा टार्ने काममात्र गरे । तीतो कुरा गर्ने हो भने यिनीहरू सबै अवसरवादीमात्र सावित हुनपुगेका छन् ।

तर, सानो आकारको होस्, कहिले माइतीघर त कहिले पोखरा, चितवन, झापा, जनकपुरलगायतका देशका विभिन्न भागमा निरन्तर राजतन्त्र र हिन्दुराष्ट्रको आवाज उठाइरहने संस्था हो राष्ट्रिय समाजसुधार संस्था र यो संस्थामा आवद्ध व्यक्तित्वहरू ।

राष्ट्रिय समाज सुधार संस्थाको गतिविधिलाई विस्तार गर्ने क्रममा घोडेजात्राको दिन पारी तयारी वैठक बसेकोमा वरिष्ठ अधिवक्ता जुक्तिजङ्ग लामिछानेको विशेष पहलमा देशको समसामयिक र जटिल परिस्थितिको गम्भीर मुल्याङ्कन र समीक्षा गरेको छ । "कानुनमा एकपटक गरेको अवैध कार्य संधै भरिका लागि अवैध हुने" नजीर रहेकोले संवैधानिक राजालाई धोका दिएर अप्रजातान्त्रिक, निरंकुश शासन सत्ता जवर्जस्ती लाद्दै आएकोले देशको अवस्था विग्रंदै गएको हो भन्ने कुरामा एकमत राख्नेहरूमा होम ब. थापा, इ. सुरेश रत्न बज्राचार्य, आविष्कारक एवं वैज्ञानिक यज्ञराज अधिकारी, उमाकान्त तिवारी, माया पाण्डे, शंकर मघैया, जङ्ग ब. का सन्तती रामकृष्ण कुँवर, ज्येष्ठ नागरिक वेदनिधी दवाडी, प्रा.डा.उत्तमकृष्ण कर्माचार्य हुनुहुन्थ्यो ।

कार्यक्रममा बेलायतमा क्रमबेलले राजालाई हत्या गरी राजतन्त्र निर्मूल गरेपछि गणतन्त्र स्थापना गरेको ११ वर्ष पछि जनता स्वयंले राजतन्त्र स्थापना गरेको स्मरण गरिएको थियो । "जनताको नासो, जनतामा सुम्पेको छु" भन्ने पूर्वराजालाई स्थापित गरेर अस्तित्वको संकटबाट मुक्ति गराउन जरूरी छ भनिएको थियो । यही उद्देश्यपूर्तिका लागि राष्ट्रिय समाज सुधार संस्थाले निरन्तर जागरण अभियान चलाइरहेको छ । संस्थाले देश भनेको राजधानी उपत्यका मात्र होइन । देश बचाउन विभिन्न जिल्लामा केन्द्रित हुनेछौं । झुकेको नेपालीको शिर उठाउनको लागि देशको बारे चिन्ता र चिन्तन गर्नेहरू यथेष्ठ मात्रामा बाहिर जिल्लमा पनि रहेकोले राजनीतिक स्थिति बारे अपडेट हुन चाहिरहेका छन् । राष्ट्रिय सहमति, सहकार्य, सम्वाद विना देशले निकाश पाउँदैन त्यसको लागि आवश्यक वातावरण तयार पार्न आम सभाहरू गर्नेछौं, राष्ट्रिय समाजसुधार संस्थाले प्रष्ट पारेको छ ।

अन्तर्राष्ट्रिय पत्रकार संघ फ्रान्सले पत्रकारीता क्षेत्रमा अद्वितीय योगदान पुर्‍याउनु भएका नेपालकै पहिलो पटक सुरेश रजकलाई वहाँको योगदानको कदर स्वरूप शिलापत्रमा नाम समावेश गरिएको उल्लेख गर्नुभयो । चैत्र १५ गते नै प्रत्येक वर्ष साहसिक सुरेश रजकको नाममा पत्रकारिता पुरस्कारको घोषणा गर्ने कार्यको थालनी हुने भएको छ ।





सुशासन र वेथितिलाई नियन्त्रण गरी विधिको शासन बसाल्न ३६ वर्षकै युवावयको बालेन सरकारले ३ करोड नेपाली जनताको चाहना बमोजिम शासन सत्ता संचालन गर्न थालेका छन् । यो अवसरमा ७ महिना अघि देखि सक्कली जेनजी पुस्ताको प्रतिनिधित्व गर्ने स्मृति राईले भाद्र २७ गते नै हामी युवाहरूले देशमा वैकल्पिक शक्ति राजसंस्थाको अपरिहार्यता महसुस गरी निर्वाचन भन्दा पनि एकताको प्रतिक राजालाई स्थापित गर्ने साझा उद्देश्य थियो, पुरा हुन सकेन । अब त्यो उद्देश्य पूरा गर्नुपर्छ भन्ने विचार राख्नुभएको थियो । तीनकुने घटनाका बारेमा वरिष्ठ अधिवक्ता देवेन्द्र लाल नेपालीको अध्क्षतामा गठित नागरिक छानबिन आयोगले प्रतिवेदन तोकेको समयभित्रै सार्वजनिक गरिसकेको छ । सो कार्यक्रममा रघु न्यौपाने, राजकुमार भट्टराई, रामकृष्ण कुँवर, टेकेन्द्र सिंह ठकुरी, बलराम सुवाल, धर्मराज कँडेल, रामबाबु सापकोटा, इमान सिंह थापा, विजय थापा, कृष्ण कुमार श्रेष्ठ, चन्द्र प्रसाद पन्त आदीको सहभागिता रहेको थियो । कवि काजी बहादुर घिमिरेले चोटिलो प्रहार गर्नुभयो । जागरणको यसप्रकारको अभियानले कुनै दिन परिणाम ल्याउनेछ भन्न सकिन्छ ।

## डढेलोबाट जोगिऔँ र जोगाऔं

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजतु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

डढेलोबाट जोगिन

- जथाभावी रूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षित रुपमा व्यवस्थापन गरौं,
- चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो विरुद्ध समुदायस्तरमा सचेतना फैलाऔ,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

वन जोगाउँ र वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

